का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० भदौ २०८१,
बिहीबार
5 September, 2024
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २२, अंक २०५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



फ्रान्सको पेरिस प्यारालिम्पिक्स अन्तर्गत पारा तेक्वान्दोमा कांस्य पदक विजेता पशेला गोवर्धन सहितको टोलीलाई बुधबार नगर परिक्रमा गराइदै । तस्वीरः हरिराम भेट्वाल, रासस

## चुनावी गठबन्धन रोक्न ऐन संशोधन !

८० प्रतिशत क्षेत्रमा उम्मेदवार नभए राष्ट्रिय पार्टीको मान्यता नपाउने र त्यस्तो दलले पाएको समानुपातिक मतको गणना नहुने प्रस्तावित व्यवस्था छ ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १९ भदौ ।

नेपाली कांग्रेस र नेकपा एमालेले आगामी चुनाव एक्लै लड्ने बताइरहँदा गृहमन्त्रालयले यसका लागि सहयोग हुने गरी निर्वाचन एन संशोधनको गृहकार्य अगाडि बढाएको छ ।

गृहमन्त्रालयका अनुसार निर्वाचन ऐन २०७३ लाई संशोधन गर्ने विधेयक तयार भएको छ । जसमा १६५ निर्वाचन क्षेत्रमध्ये ८० प्रतिशत क्षेत्रमा उम्मेदवार नभए राष्ट्रिय पार्टीको मान्यता नपाउने र त्यस्तो दलले पाएको समानुपातिक मतको गणना नहुने प्रस्तावित व्यवस्था छ ।

निर्वाचनसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको निर्वाचन व्यवस्थापनसम्बन्धी विधेयकको मस्यौदा २०७८ साल पुस १४ गते निर्वाचन आयोगले गृह मन्त्रालयमा पठाएको थियो । संघीय संसदको कुनै सदनमा दर्ता गर्ने गरी पठाएको विधेयकमाथि पछिल्लो समय छलफलमा अगाडि बढेको गृहमन्त्रालयका अधिकारीहरू बताउँछन् ।

निर्वाच्न आयोगले उपलब्ध गराएको विधेयकको मस्यौदालाई गृहमन्त्रालयले थप परिमार्जनसहित अगाडि बढाउन लागेको हो । जसमा उम्मेदवारको योग्यता र अयोग्यताको विषयलाई स्पष्ट पार्न खोजिएको छ ।

एउटा दलको सदस्य अर्को दलबाट उम्मेदवार हुन नपाउने, ३३ प्रतिशत महिलाका लागि छुट्टै निर्वाचन क्षेत्र तोक्ने, नो भोटको व्यवस्था र विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार दिने लगायतका व्यवस्था प्रस्तावित छन् ।

पस्तावित अनुसार एउटा राजनीतिक दलको सदस्य रहेको व्यक्तिले उक्त दलको सदस्य पद त्याग गरेर स्वीकृत भइनसकेको अवस्थामा अर्को राजनीतिक दलको चुनाव चिह्नबाट निर्वाचनमा उम्मेदवार हुन पाउने छैन । विधेयकको मस्यौदाले आगामी निर्वाचन कहिले हुन्छ भन्ने कुरा यकिन गर्ने व्यवस्था गरेको छ ।

राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन उनीहरूको पदावधि समाप्त हुनुभन्दा तीन दिन अघि र राष्ट्रिय सभा सदस्यको निर्वाचन कार्यकाल समाप्त हुनुभन्दा एक महिना अघिको पहिलो आइतवार गर्ने प्रावधान राखिएको छ । प्रतिनिधिसभाका सदस्य वा प्रदेशसभाका >>> पृष्ठ २ मा



निर्वाचन कानूनलाई एकीकृत गर्ने कुरा छ । निर्वाचन आयोग ऐनका केही दफा र सात वटा ऐनलाई एकीकृत गरिराखेका छौं । आठ वटा ऐन यसबाट प्रभावित भइराखेका छन् । अब यसलाई अगाडि बढाऔं । यसलाई चाँडोभन्दा चाँडो संसदमा लैजाऔं ।

● **रमेश लेखक**, गृहमन्त्री

## विद्युत चोरी कर्णालीमा धेरै, बागमतीमा थोरै

नेपाल विद्युत प्राधिकरणले हालै सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/०८१ को तथ्यांकअनुसार कर्णाली प्रदेशमा विद्युत चोरीको प्रतिशत सबैभन्दा बढी छ भने सबैभन्दा कम विद्युत चोरी हुने प्रदेशमा बागमती प्रदेश परेको छ ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, १९ भदौ ।

कर्णाली प्रदेशमा प्रतिशतका हिसाबले सबैभन्दा धेरै विद्युत चोरी हुने गरेको पाइएको छ । नेपाल विद्युत प्राधिकरणले हालै सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/०८१ को तथ्यांकअनुसार कर्णाली प्रदेशमा विद्युत चोरीको प्रतिशत सबैभन्दा बढी छ भने सबैभन्दा कम विद्युत चोरी हुने प्रदेशमा बागमती प्रदेश परेको छ ।

प्रदेशमध्ये विद्युत चोरी हुने प्रदेशमा मधेस प्रदेश दोस्रो स्थानमा छ । नेपाल विद्युत प्राधिकरणको आर्थिक वर्ष २०८०/८१ को तथ्यांकअनुसार मधेस प्रदेशमा विद्युत चुहावट १५ दशमलव २९ प्रतिशत छ ।

सबैभन्दा धेरै विद्युत चुहावट हुने प्रदेशमा कर्णाली प्रदेश रहेको छ । उक्त प्रदेशमा विद्युत चुहावट २१ दशमलव ७९ प्रतिशत छ । अधिकारीहरूका अनुसार कर्णालीमा हुने विद्युत चुहावट प्राविधिक कारणले भएको हा ।

सबैभन्दा कम बागमती प्रदेशमा विद्युत चुहावट पाँच दशमलव ६० प्रतिशत रहेको छ ।

गण्डकी प्रदेशमा विद्युत चुहावट सात दशमलव ६७, लुम्बिनी प्रदेशमा आठ दशमलव ५९ र सुदूरपश्चिम प्रदेशमा ११ दशमलव ५० प्रतिशत छ ।

कानूनले तोकेबमोजिम बाहेकका कुनै उपायहरूको अवलम्बन गरी विद्युत शक्तिको अनधिकृत उपयोग गर्ने कार्य नै विद्युत चोरी हो ।

तर विद्युतको पोलबाट सोभ्कै हुकिङ गरेर प्रयोग गर्ने गरेको समेत पाइन्छ । मधेश प्रदेशका कतिपय भेगमा विद्युतको पोलबाट सोभ्कै हुकिङ गरेर मिटरबाट र सिँचाइका लागि जडान गरेको लाइनबाट धेरै विद्युत चोरी हुने गरेको बताइन्छ ।

विद्युत चोरी नियन्त्रण ऐन, २०५८ र विद्युत चोरी नियन्त्रण नियमावली, २०५९ ले विद्युत चोरीको कसुरको परिभाषा गरेको छ । चोरी बापतको कानूनी कारवाहीबारे स्पष्ट व्यवस्था छ ।

विद्युत चोरी नियन्त्रण ऐन, २०५८ को दफा ७ ले विद्युत चोरीको कसुरको परिभाषा गर्दै विभिन्न ११ वटा कसुरलाई विद्युत चोरीको कसुरको रूपमा परिभाषित गरेको छ । दफा ७ बमोजिम विद्युत चोरीको कसुर गरी वितरकलाई हानी नोक्सानी भएमा त्यसबापतको रकम र क्षतिपूर्ति कसुरदारले तिर्नुपर्ने व्यवस्था ऐनले गरेको छ ।

विद्युत चोरी नियन्त्रण गर्ने संस्थागत संरचनाको रूपमा विद्युत प्राधिकरणमा चुहावट नियन्त्रण विभाग र वितरण केन्द्रहरू क्रियाशील छन् । विद्युत चोरी नियन्त्रण प्राधिकरणका महत्वपूर्ण काममध्येको एक हो । बेला बेला अनुगमन समेत हुने गरेको छ । तर, चोरी नरोकिएको पाइएको हो ।

## अभिभावक भोजमा व्यस्त हुँदा तीन बालक पोखरीमा डुबे

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ भदौ ।

धनुषाको लक्ष्मीनिया गाउँपालिका-७ लक्ष्मीनियामा रहेको पोखरीमा बुधबार साँझ तीन बालक डुबेका छन् । इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरका प्रहरी निरीक्षक सोनुकुमार साहका अनुसार तीनै जना बालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा १० वर्षीय आदित्यकुमार साह, ८ वर्षीय आयुश साह र १४ वर्षीय सुशान्त साह रहेका छन् ।

अभिभावक भोजमा व्यवस्था रहेका बेला बालक त्रय पोखरीमा खेल्न पुगेका थिए ।

प्रहरीका अनुसार तीन बालकका आफन्त हजुरबुबा महावीर साहको घरमा भोज खान पुगेका थिए । महावीर साहको घरमा वर्षीको भोज थियो । डुब्ने बालकहरु महावीर साहका तीन छोरीका जेठा छोराहरु हुन् ।

प्रहरीका अनुसार घटना साढे ७ बेजेतिर साँझको हो । तीनैजना बालकको शव पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको छ ।

सबै भोजमा व्यस्त रहेका बेला उनीहरु पोखरीमा पौडी खेल्न जाँदा डुबेका हुन् । घटना विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

यसैबीच, मोरङको सुन्दरहरैचा नगरपालिका-७ बस्ने दुई छोरीको हत्या गरी फरार रहेकी आमालाई पक्राउ गरी प्रहरीले सार्वजनिक गरेको छ । >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कामदारको हकहित संरक्षण प्रस्तावित राजदूतहरुको प्राथमिकतामा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ भदौ

विभिन्न मुलुकमा प्रस्तावित राजदूतहरूको संसदीय सुनुवाइमा विगतको भन्दा यस पटक फरक अवस्था देखा परेको छ । विगतमा विभिन्न मुलुकमा प्रस्तावित राजदूतहरूले द्विपक्षीय सम्बन्ध, पर्यटन अभिवृद्धि र अर्थ कूटनीतीलाई प्राथमिकता दिने गरेका थिए । तर यस पटक ती विषयभन्दा वैदेशिक रोजगारमा रहेका नेपाली कामदारको हकहित संरक्षणको विषयलाई सबैजसो प्रस्तावित राजदूतहरूले आफ्नो उच्च प्राथमिकतामा रहेको बताएका छन् ।

बुधबार संसदीय सुनुवाइ समितिमा नेपाली कामदारको प्रमुख रोजगार गन्तव्य साउदी अरेबिया र दक्षिण कोरियाका लागि प्रस्तावित राजदूतहरूको सुनुवाइ भएको छ । सोमबार मलेसिया र कतारसहितका देशमा प्रस्तावित राजदूतहरूको सुनुवाइ भएको थियो । प्रस्तावित राजदूतमध्ये सबैले कामदारको हकहित र सुरक्षाका विषयलाई प्राथमिकतामा राखेको बताएका छन् ।

बुधबार दक्षिण कोरियाका लागि प्रस्तावित राजदूत शिवमाया तुम्बाहाङ्फेले उक्त मुलुकमा नेपाली कामदारका लागि कोटा बढाउन पहल गर्ने बताइन् भने साउदी अरेबियाका लागि प्रस्तावित राजदूत नरेशविक्रम ढकालले आफूले नेपाल र साउदी अरबबीचको श्रम सम्झौता पुनरावलोकनका क्रममा नेपाली कामदारको तलव वृद्धिको विषयमा उच्च पहल गर्ने बताए ।

तुम्बाहाङ्फेले दक्षिण कोरियामा नेपाली कामदारको कोटा बढाउने आधार नेपालले ईपीएस प्रणालीमा अपनाएको निष्पक्षता भएको बताइन् । ईपीएस प्रणालीको निष्पक्षता प्रचार गर्दै करार अवधि >>> पृष्ठ २ मा

### यूएईका अवैध कामदारलाई घर फर्किन दुई महिनाको अवसर

**काठमाडौं/मस-** यूएई सरकारले आफ्नो देशमा लुकिछिपी अवैधरुपमा बसिरहेका कामदारसहित विदेशी नागरिकहरुलाई स्वदेश फर्कन वा वैधानिक भइ बस्न दुई महिनाको अवसर दिएको छ ।

अबुधावीस्थित नेपाली दूतावासका अनुसार सेप्टेम्बर १ तारिकदेखि अक्टोबर ३० तारिकसम्म लागू हुने गरी यूएई सरकारले एम्नेष्टी आदेश जारी गरेको छ । नेपाली दूतावासले विगतमा वर्किङ वा भिजिट भिसामा यूएई गएर रन वे (भागेका) वा ओभर स्टे भइ जरिवाना वा अध्यागमन समस्या रहेकाहरूलाई एमनेष्टीको सेवा लिन आग्रह गरेको छ । नेपाली दूतावासले वैधानिकीकरण भएपछि यूएईमा भ्रमण तथा कामकाजका लागि जान कुनै समस्या नहुने स्पष्ट पारेको >>> पृष्ठ २ मा

## वाम एकताको विपक्षमा एमाले

बुधबार च्यासलमा सम्पन्न पोलिटब्यूरो बैठकमा अध्यक्ष केपी शर्मा ओलीले समाजवादी मोर्चा र वाम एकताको अलमलमा नपर्न नेताहरुलाई निर्देशन दिएका छन् । अध्यक्ष ओलीले एमालेलाई निर्णायक राष्ट्रिय शक्ति बनाउने गरी जुट्नुपर्ने बताए ।



**भावना पाठक/मध्यान्ह**
काठमाडौं, १९ भदौ ।

नेकपा एमालेले समाजवादी मोर्चा र वाम एकताको पहलकदमीमा नअलमलिने सन्देश दिएको छ । बुधबार केन्द्रीय कार्यालयमा सम्पन्न पोलिटब्यूरो बैठक मार्फत् एमालेले मोर्चा र वाम एकताको विपक्षमा रहेको सन्देश दिएको हो ।

'समाजवादी मोर्चा र वाम एकता जस्ता कुराको पक्षमा हामी छैनौं । निर्णायक राष्ट्रिय शक्ति निर्माण गर्न जुट्नेछौं' प्रवक्ता राजेन्द्र गौतमले भने । उनका अनुसार अध्यक्ष केपी शर्मा ओलीले एमाले कुनै शक्तिसँग मोर्चा र एकताको पक्षमा नरहेको बताएका हुन् ।

'प्रचण्डले समाजवादी मोर्चामा आवद्ध हुनुपर्छ भन्ने प्रस्ताव गरेका थिए, मैले अस्वीकार गरेँ' ओलीले बैठकमा भनेका थिए, 'प्रचण्डको त्यो प्रस्तावमा धोकाको संकेत थियो ।' कतिपय पार्टीकै नेताहरुले पनि समाजवादी मोर्चामा आवद्ध हुने कुरालाई वाम एकताको आधार भनेका थिए । माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले समेत वाम एकता गर्ने दीर्घकालीन योजना अन्तर्गत एमालेसँग सत्ता सहकार्य गर्ने निर्णय लिएको सार्वजनिक अभिव्यक्ति दिएका थिए ।

तर एमाले र माओवादी सहितको सत्ता सहकार्य गत १७ >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२० भदौ २०८१, बिहिबार
5 September 2024, Thursday

आयुषाको संघर्ष र सफलता

# दमकको सुकुम्वासी बस्तीको भोको पेटदेखि कतारमा सौन्दर्य कम्पनीको मालिकसम्म

**तिलु शर्मा पौडेल/मध्यान्ह**
काठमाडौं, १९ भदौ

इलाममा जन्मिएकी आयुषा श्रेष्ठ कतारमा सफल सौन्दर्य व्यवसायीका रूपमा परिचित छिन् । इलाममा जन्मिए पनि उनको बालापन भने झापाको दमकमा बित्यो । उनको बाल्यकाल सुखद र स्मरणयोग्य भने छैन । विपन्नताले अंगालेको उनको परिवारमा भरोसाको केन्द्र भने उनको आमा मात्र थिइन् । बाबुको मायाको त्यति महसुस नगरेकी आयुषा सानैदेखि म केही गर्न सक्छु भन्ने सकारात्मक सोच राख्ने गर्थिन् ।

मध्यान्हकर्मीसँगको कुराकानीमा उनले आफ्ना जीवनका सबै पाटाका बारेमा खुलेर बोलिन् । आफ्ना बालापन सम्झिएर उनी भावुकसमेत बनिन् । दमकको सुकुम्वासी बस्तीमा बसोबास गरेकी उनको बालापन मावलीको आँगन थियो । बस्तीबाट उनी स्कुल कयौं पटक खुट्टाका नङ उक्काएर आउजाउ गरेकी छन् । उनले अभावको चरम सीमा भोगेकी छिन् । आठ वर्षकै उमेरमा आमालाई सानो पसलमा काममा सघाउने उनले १३/१४ वर्षको उमेरमा दमकमै रहेको एक म्यानपावरमा 'एजेन्ट' भएर काम गरिन् । अभावले उनलाई बाँच्न त सिकायो, तर नेपालमै रहन दिएन र सानो उमेरमा उनी वैदेशिक रोजगारका लागि लेबनान गइन् ।



लेबनान जानुपूर्व उनले घरजम गरेर सन्तान जन्माइसेकेकी थिइन् । नेवारकी छोरी क्षेत्री केटासँग विवाह गरेपनि अभाव भने टरेन, झन् बढ्यो र उनी लेबनान गएकी थिइन् । त्यो बेला १ सय ५० डलर तलबमा लेबनान पुगेकी उनले ३ वर्ष त्यहाँ क्लिनरदेखि कुकसम्मको काम गरिन् । आफूलाई निखार्दै लैजाने क्रममा उनको तलब १२ सय अमेरिकन डलरसम्म पुग्यो, तर उनको मन खुसी भएन । परिवारसँग फोनमा कुरा गर्न पनि साहुको अनुमति लिनुपर्ने, आफूसँग मोबाइल नहुने समस्या भोगिन् र उनलाई एक्लिए जस्तो लाग्यो, उनले गला अवरुद्ध पार्दै भनिन् । पैसा त कमाइने रहेछ, तर परिवार भन्ने प्रश्नले उनलाई हिर्कायो र उनी नेपाल फर्कने निधो गरिन् र लागिन् नेपाल ।

दमक पुगेपछि सबैले पैसा कमाएर आएकी लाहुरेनी भनेर बुझ्न थाले, तर जम्मा गरेको पोखरी खोलेपछि रित्तिन के समय लाग्थ्यो । फेरि उनलाई म्यानपावरकै कामतिर फर्कन पऱ्यो र पुनः पुरानै काम गरिन्, उनले लामो स्वास तान्दै दुःखको पोको खोलिन् । केही समयमा उनलाई युके जाने रहर जाग्यो र तयारी गरिन्, तर त्यो विविध कारणले सफल हुन सकेन । उनले फेरि केही समय नेपाली महिलाहरूलाई लेबनान पठाउन एजेन्टका रूपमा काम गरिन् । आफूसहित हुर्किरहेका सन्तानसहित आमालाई पनि हेर्नुपर्ने जिम्मेवारी सम्झिइन् र दमककै एक म्यानपावरमा कतारका लागि अन्तर्वार्ता दिने लाइनमा उभिइन् । एक सय पचास जनाले अन्तर्वार्ता दिएमध्ये ३ जना मात्र छानिए । छानिएका ३ जनामध्ये एक उनी पनि थिइन् । त्यो पल सम्झिँदा उनको अनुहारमा चमक बढ्यो ।

छोरीलाई दमकमै छोडेर उनी कतारको एक स्थानीय कम्पनीमा सेल्स गर्लमा जागिर गर्न सन् २०१० मा आइपुगिन् । सेल्स गर्लमा आएपछि उनले लेबनानमा देखेको संसारभन्दा अलग संसार पाइन् । जीवनमा ब्युटीपार्लरसम्बन्धी ज्ञान केही नभएकी उनलाई कम्पनीले जिम्मेवारी हेरफेर गर्दै ब्युटी प्रडक्टसम्बन्धी काम र जिम्मेवारी मात्र दिएन उनको तलब र पदोन्नति समेत गऱ्यो । आफूले जीवनको महत्वपूर्ण शिक्षा सोही समयमा लिएको उनले बताइन् । त्यो समय एक नेपालीले कम्पनी खोलौं भन्ने कुरामा सहमति जनाइन् र केही रकम डुबाएर आफू माइनसमा पुगेको स्मरण गरिन् ।

उनलाई त्यो अनुभवले आफ्नो आइडेन्टीटी र स्किल नभइ यो क्षेत्रमा होमिन नहुने ज्ञान दियो, उनले यही सुझाव दिन्छिन् । उनले क्षमता वृद्धि पनि त्यही बेला गरिन् । सुन्दर देखिने चाहना सबैको हुन्छ, सुन्दरताले गर्दा नै मानव जीवन मनमोहक बन्ने उनको बुझाइ छ । मेकअपदेखि हरेक सौन्दर्यतासम्बन्धीका काममा उनले आफ्नो क्षमता वृद्धि गरिन् भन्दा अत्युक्ति हुँदैन । नेपाली भन्ने बित्तिकै मेकअपको कामका लागि पत्याइने थिएन, उनले स्मरण गरिन् । आफ्नो दुःख, लक्ष्य, परिवारको माया र उद्देश्यले छोटो समयमै मेकअप आर्टिस्टका रूपमा कम्पनीमा स्थापित भइन् । आफ्नो कमाइ राम्रै भएपछि उनले श्रीमानलाई नेपाल जान दबाब दिइन् र सन् २०१६ मा नेपाल पठाइन् । श्रीमान नेपाल गएपछि उनी धेरै बसिनन् कतार र उनको तत्कालीन कम्पनीमा अनबन्द बनेपछि कतारलाई बिट मारिन् र नेपाल फर्किइन् ।

आयुषाले कतार बसाइँलाई बिट मारेर नेपाल फर्केपनि उनको मनमा कतारमा म केही गर्न सक्छु भन्ने लाग्यो र फेरि श्रीमानसँगै कतार फर्केर केही गर्ने हुटहुटीले सन् २०१८ मा कतार फर्किइन् । कतार फर्किएर उनीहरूले एक नेपाली व्यवसायीसँग मिलेर मेस कम्पनी सञ्चालन गरिन् । आयुषा कतार फर्किएसँगै उनलाई चिनेका पुराना ग्राहकले सम्पर्क गर्न लागे र कामको अफर गर्न लागे, अर्कोतिर मेसमा लगानी गरेपछि पैसाको अभाव हुँदै गयो । उनले अगाडि प्रष्ट पार्दै भनिन्, 'पार्लरको काम कर कार्यालय जस्तो हो, दैनिक पैसा आउँछ, तर मेसमा दैनिक सामान किन्नुपर्ने, पैसा ३-४ महिनामा एक पटक आउँछ ।' पैसा देख्न नै नपाइने भएपछि उनले आफ्ना श्रीमान मोहन खड्का 'काजी' (उदयपुर)सँग सल्लाह गरिन् र पार्लरकै काम गर्ने इच्छा व्यक्त गरिन् ।

काजीले उनलाई साथ दिए र सन् २०१९ मा कतारको मैजरमा एक जना नेपालीलाई २५ प्रतिशतको शेयर दिँदै अल दाना ब्युटी सैलुन सञ्चालनमा ल्याइन् । बालबच्चा नेपालमा रहेपनि श्रीमानसहित उनले व्यवसाय सम्हाल्न थालिन् । त्यसपछि उनका सफलताका दिन शुरु भए भन्दा अत्युक्ति हुँदैन । आफूले जानेको र गर्न सक्छु भन्ने काममा उनी पूर्णरूपमा फर्किइन्, तर त्यो पार्लर पूर्ण नेपालीको पहुँचमा पुगेन । आफ्ना ग्राहक विदेशी भएपनि नेपाली समाज र कतारका नेपाली महिलासँग जोडिएर कसरी सौन्दर्यसम्बन्धी धेरैभन्दा धेरै सीप सिकाउन सकिन्छ भन्नेतर्फ उनको सोच गयो, त्यसकै प्रतिफल हो नजमामा रहेको आयुषा मेकअप सैलुन । उनले यो सैलुन सञ्चालनमा ल्याएयता दर्जनौं नेपाली युवतीहरूले तालिम लिएर कतार मा जागिरमा स्थापित भइसकेको बताइन् ।

उनको सौन्दर्य व्यवसायलाई मुख्य पिल्लरका रूपमा उनका श्रीमान काजीले साथ दिएका छन् । मुसुक्क हाँस्ने, तर एकदमै कम बोल्ने स्वभावका काजीले दुई वटै पार्लर का प्रशासनदेखि फाइनान्ससम्मका सबै काम आफैं गर्ने गर्दछन् । 'हामीहरू श्रीमान श्रीमतीसहित नेपाली, इन्डियन, बंगलादेशी, फिलिपिन्ससहित विभिन्न देशका ३६ जनाले प्रत्यक्ष रोजगारी पाएका छौं,' काजीले भने । सुकुम्वासी बस्तीदेखि आफूसहित ३६ जनाको परिवारको अभिभावक बनिरहँदा अहिले कस्तो लाग्छ भन्ने प्रश्नमा आयुषा भावुक बनिन् । उनले देखेका दुःख र सुखको तुलना गर्नै सकिनन् । तर जीवनमा सपना ठूलो देख्नुपर्ने उनी बताउँछिन् ।

जन्मेदेखि मर्ने बेलासम्म मानिसलाई ब्युटीसियनको आवश्यकता पर्ने हुँदा यो क्षेत्रमा शिक्षाको पनि उत्तिकै महत्व रहेको श्रेष्ठ बताउँछिन् । मध्यपूर्व, युरोपसहित युकेका नाम चलेका ब्युटी प्रडक्ट कम्पनीबाट सर्टीफाइड भएकी श्रेष्ठ कतारको बजारमा मेकअप आर्टिस्टको कमी रहेको महसुस गर्छिन् । कोरोनाकालमा समेत व्यवसायलाई निरन्तरता दिएकी उनले कतारमा सांगीतिक प्रस्तुति दिन आएका धुर्मुस, सुन्तली, बुगीउगीको पुरै टिम, नृत्यंगना कविता नेपालीसहित सयौं कलाकारलाई चिटिक्क पारिसकेकी छन् ।



कुराकानीकै क्रममा उनले सौन्दर्य व्यवसायलाई मेकअपमा जोडेर हेर्ने गरिएकोप्रति असहमति राख्दै दाह्री काट्नु, कपाल काट्नु, नङ काट्नु पनि कला हो र यो सौन्दर्यमा पर्दछ भनेर बुझ्न आवश्यक रहेको स्पष्ट पारिन् । नेपालमा गरिने सौन्दर्यताको तालिमले कतारमा रोजगारी प्रदान गर्न नसकेकोप्रति उनले दुःख व्यक्त गरिन् । मध्यपूर्वमा कस्तो ब्युटी प्रोड्क्टको प्रयोग गरिन्छ ? कस्तो मेकअप गरिन्छ र काम कसरी गरिन्छ भन्ने कुराको ज्ञान थोरै मानिससँग मात्र रहेको बताउँदै कतारमा छिट्टै सैलुन विस्तारसहित नेपालमा ट्रेनिङ सेन्टर खोल्ने योजना रहेको सुनाइन् । नेपाल, फिलिपिन्स, युरोप र युकेमा समेत सौन्दर्य तालिम सेन्टर खोल्ने आफ्नो योजना रहेको उनले बताइन् । विशेषगरी काठमाडौंमा खोलिने ट्रेनिङ सेन्टरले खाडी र युरोपमा आवश्यक पर्ने कामदारको परिपूर्ति गर्न सक्ने गरी प्रशिक्षण दिने उनको योजना रहेको छ ।

दुई छोरी र छोरामध्ये एउटी छोरी अस्ट्रेलियामा अध्ययन गर्छिन् भने अर्की छोरीले राजधानीमै अध्ययन गर्छिन्, नेपाल कतार गरिरहन्छिन् भने दुई छोराहरूले कतारकै एक स्थानीय स्कुलमा अध्ययन गर्छन् । सौन्दर्य व्यवसाय एक मर्यादित पेसा रहेको उनको बुझाइ छ । सुकुम्वासी बस्तीको अभावदेखि दुई वटा कम्पनीको मालिक बनिरहँदा उनको मनमा भने झापाको सुकुम्वासी बस्तीको दुःख नहटेको विषय खेलिरहन्छ ।

कतारमा रहेका अनगिन्ती संघ-संस्था र कथित समाजसेवीसँग उनलाई प्रेम छैन । उनी भन्छिन्, 'म आवश्यकता परेको नेपालीलाई सहयोग गर्ने गर्छु ।' भूकम्प तथा कोरोनाकालमा उनले सक्दो सहयोग मात्र गरिनन्, आफ्ना पार्लरमा कार्यरत कर्मचारीको मनोरञ्जनका लागि विगत ३ वर्षदेखि तिज कार्यक्रम, दशैं, तिहार पनि हर्षोल्लासका साथ मनाउने गरेकी छन् । सौन्दर्यताको बारेमा नेपालीको सोचमा पनि आमूल परिवर्तन आएको उनको बुझाइ छ । केही समय अघिसम्म सौन्दर्य व्यवसायलाई खासै राम्रो दृष्टिकोणले हेरिँदैन थियो । सौन्दर्य पेसा व्यावसायिकरूपमा फस्टाउन थालेको र आम्दानीसमेत मनग्य हुने बताउने श्रेष्ठले सौन्दर्य व्यवसायमा आबद्ध भएपछि महिलाहरू लगनशील, आत्मनिर्भर, स्वावलम्बी र साहसी मात्रै बनेका छैनन्, समाजसेवातर्फ पनि पाइला अघि बढाउँदै सफल बनिरहेको बताइन् ।

'कतारमा व्यवसाय गरेर आफू मात्र सफल हुँदै मात्र गएका छैनौं मुलुकको आर्थिक समृद्धिका लागि टेवा दिएका छौं, उनले गर्वले भनिन् । उनले प्रकाश कोइरालाको नाम भने बारम्बार लिइन्, उनी आफू प्रकाश कोइरालाकै कारण कतारमा स्थापित भएको बताउँछिन् । उनले रमेश भट्ट र राकेश श्रेष्ठलाई पनि आफ्नो सफलतामा हक लाग्ने व्यक्तिका रूपमा स्मरण गरिन् । कुराकानीको अन्तिममा सौन्दर्य व्यवसायलाई कसरी बुझ्नुभयो भनेर सोध्दा उनले सौन्दर्य भनेको सुन्दर कला हो र कलाको सम्मान सबैले गरे सुन्दर देखिने मात्र नभइ जीवन पनि कलात्मक र सुन्दर बन्ने बताइन् ।

*(कतारमा अल दाना ब्युटी सैलुन र आयुषा ब्युटी सैलुनकी सञ्चालिका आयुषा श्रेष्ठ खड्कासँग मध्यान्हकर्मी तिलु शर्मा पौडेलले गरेको कुराकानीका आधारमा तयार पारिएको ।)*

### चुनावी...

सदस्यको निर्वाचन अघिल्लो निर्वाचन परिणाम सार्वजनिक भएको चार वर्ष ११ महिना पछिको पहिलो आइतवार हुने प्रस्तावित व्यवस्था छ । स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र वडा सदस्यको हकमा पनि यही प्रावधान लागू गर्ने भनिएको छ ।

विदेशमा बस्ने नेपालीलाई पनि मतदानको अधिकार दिने प्रावधान राखिएको छ । नेपालमा लामो समयदेखि विदेशमा बस्ने नेपालीको मताधिकारबारे बहस हुँदै आएका बेला यसलाई पनि समेटिएको हो । गृहमन्त्री रमेश लेखक निर्वाचन सम्बन्धी ऐन संशोधनको विधेयकलाई छिट संसदमा लगिने बताउँछन् ।

गत साउन २२ गते निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्त सहितका पदाधिकारीसँगको भेटमा उनले निर्वाचन सम्बन्धी ऐन संशोधनको प्रस्ताव चाँडै संसदमा लैजानुपर्ने बताएका थिए ।

उनले भनेका छन्, 'निर्वाचन कानुनलाई एकीकृत गर्ने कुरा छ । निर्वाचन आयोग ऐनका केही दफा र सातवटा ऐनलाई एकीकृत गरिराखेका छौं । आठवटा ऐन यसबाट प्रभावित भइराखेका छन् । अब यसलाई अगाडि बढाऔं । यसलाई चाँडोभन्दा चाँडो संसदमा लैजाऔं ।' लोकतन्त्रलाई जिवन्त राख्ने आधारस्तम्भ मध्येको एक आवाधिक निर्वाचन भएकाले यसलाई समयसापेक्ष बनाउन लागेको उनी बताउँछन् । 'आवाधिक निर्वाचन, सहज सत्ताको हस्तान्तरण, स्वतन्त्र निष्पक्ष र पारदर्शी निर्वाचन भएन भने लोकतन्त्रका सबै कुरा भए पनि अर्थ छैन । यो जिम्मेवारी निर्वाचन आयोगको हो । निर्वाचन लोकतन्त्रको प्रवेशद्वार हो,' उनले भने ।

### अभिभावक...

जिल्ला प्रहरी कार्यालयद्वारा आयोजित पत्रकार सम्मेलनमा धनकुटा पाखीवास नगरपालिका-६ घर भई सुन्दरहरैचा-७ मालती टोल बस्ने २१ वर्षीया अस्मिता पौडेलाई पक्राउ गरी सार्वजनिक गरिएको हो ।

यही भदौ १४ गते बेलुकी पति अर्जुन कार्कीसँग सामान्य विवाद भएपछि अस्मिताले दुई छोरी तीन वर्षीया अर्पना र एक वर्षीया आइङ्कालाई केराको बगानमा लगी विष सेवन गराएर हत्या गरेको प्रहरीले जनाएको छ ।

दुई बालिकाको शव यही भदौ १५ गते प्रहरीले सुनदरहरैचा नगरपालिका-७ स्थित केरा बगानमा फेला पारेको थियो । प्रहरीले हत्याको आरोपित अस्मितालाई खोजतलासको क्रममा आज झापा जिल्ला विर्तामोड नगरपालिका-५ स्थित पूर्वपश्चिम राजमार्ग छेउ एभरेष्ट बैंक अगाडि हिँडिरहेको अवस्थामा फेला पारी पक्राउ गरी ल्याएको जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख प्रहरी उपरीक्षक नवराज कार्कीले जानकारी दिए ।

आरोपित अस्मितालाई सञ्चारकर्मीको सूचनाको आधारमा पक्राउ गर्न सफल भएको प्रहरी उपरीक्षक कार्कीले बताए । आरोपित अस्मिताले श्रीमानले आफूमाथि सधैं कुटपिट गर्ने र मार्छु भन्ने गरेकाले रिसको झोकमा भदौ १४ साँझ आफूले विष खाइ र छोरीलाई खुवाएकोमा छोरीको मृत्यु भएको प्रहरीलाई दिएको बयानमा उल्लेख छ ।

### कामदारको...

सकिएपछि अवैधानिक भएर नबस्ने, तुरुन्तै स्वदेश फर्कनेजस्ता पक्षलाई जोड दिनु आवश्यक रहेको उनले बताइन् । उनले कोरियामा रहेका कतिपय नेपाली कामदारले डिप्रेसनको शिकार भइ आत्महत्या गर्ने गरेकाले 'तनाव व्यवस्थापन' कार्यक्रमलाई पनि अगाडि बढाउने प्रतिबद्धता जनाइन् ।

साउदी अरबका लागि प्रस्तावित राजदूत ढकालले दुवै मुलुकबीच उच्चस्तरीय भ्रमण गराउने र बजारको वर्क भ्यालुअनुसार नेपाली कामदारको तलब बढाउन पहल गर्ने बताए । साउदी अरबमा हाल करिब ४ लाख नेपाली रहेका छन् ।

सोमबार समितिमा नेपाली कामदारको प्रमुख रोजगार गन्तव्य मलेसिया, पोर्चुगल, इजरायलका लागि प्रस्तावित राजदूतहरूको सुनुवाइ गरिएको थियो । त्यसमध्ये मलेसियाका लागि प्रस्तावित राजदूत डा. नेत्रप्रसाद तिमिल्सिनाले सांसदहरूका अनेकौं प्रश्नहरू सामना गरे । प्रस्तावित राजदूत डा. तिमिल्सिनाले सिण्डिकेट वा कसैसँग साँठगाँठ नगरी कामदारका हितमा आफूलाई समर्पित गर्ने प्रतिबद्धता जनाएका थिए ।

पोर्चुगलका लागि प्रस्तावित राजदूत प्रकाशमणि पौडेलले नेपालमा पोर्चुगलको भिसा सेन्टर स्थापना गर्नका लागि भूमिका खेल्ने बताएका छन् ।

प्रस्तावित राजदूतहरूले वैदेशिक रोजगारको क्षेत्रमा कति सहयोग पुऱ्याउने छन्, यो भने उनीहरूले कार्यभार सम्हालेपछि मात्रै प्रष्ट हुने कतिपय वैदेशिक रोजगार व्यवसायीहरूको टिप्पणी छ । उनीहरूले भनेका छन्, 'दूतावासमा पुग्नेबित्तिकै राजदूतहरूले कर्मचारी र अदृश्य शक्तिसँग मिलेर तजविजी शुरू गर्ने नमिठो विगत छ, आगामी दिनमा त्यो पक्षपात नदोहोरियोस् ।'

### यूएईका...

छ । दूतावासले एम्नेष्टी कार्यक्रमको व्यापक प्रचारप्रसार गर्न गैरआवासीय नेपाली संघ, यूएईमा रहेका नेपालीका सामाजिक संघसंस्था तथा सञ्चारकर्मीलाई आग्रह गरेको छ ।

विगतमा पनि यूएई सरकारबाट अवैधानिक विदेशीलाई लक्षित गरी एम्नेष्टीका कार्यक्रम आएपनि अवैधानिक अवस्थामा रहेका कतिपय नेपालीले अवधि सकिएपछि मात्रै उक्त अवसरका बारेमा थाहा पाउने गरेका कारण अवसरबाट बञ्चित भइ स्वदेश फर्किंदा अध्यागमनमा चर्को शुल्क बुझाउनुपर्ने अवस्था थियो ।

दूतावासका अनुसार अवैध कामदारले वैध हुने वा बिनाजरिवाना आफ्नो देश फर्किन पाउने छन् । नेपाली दूतावासले यूएई अध्यागमनबाट प्रक्रिया पूरा गर्नेले निःशुल्क एकतर्फी यात्रा अनुमतिपत्र पाउने भन्दै जहाज टिकट भने आफैंले व्यवस्था गर्नुपर्ने बताएको छ । एकतर्फी यात्रा अनुमतिपत्र पाएकाले १४ दिनभित्र यूएई छोड्नुपर्ने दूतावासले जनाएको छ ।

### वाम...

असारमा कांग्रेस र एमालेबीच भएको सहमतिले टुट्यो । त्यसबेला मोर्चामा आवद्ध नहुने आफ्नो निर्णय विवेकपूर्ण रहेको ओलीले बताएका छन् । 'समाजवादी मोर्चा भनेर प्रचण्डले धोका दिने थिए, मैले त्यही बुझेर अस्वीकार गरेको हुँ । वाम एकता सुन्दा प्रिय लागेपनि यसको अन्तर्य सही छैन', ओलीको भनाइ उदृत गर्दै एक पोलिटब्यूरो सदस्यले भने । कांग्रेसले समेत एक्लै चुनाव लड्ने निर्णय गरिसकेको सन्दर्भमा एमालेले पनि कसैसँग चुनावी तालमेल नगर्ने निर्णय गरेर जानुपर्ने नेताहरुले बताएका थिए । यसलाई कतिपयले सत्ता गठबन्धन जोगाउने नीति पनि भनेका छन् ।

तर एमालेले भने गत चुनाव पनि एक्लै लडेकाले आगामी चुनाव २०८४ मा पनि कसैसँग गठबन्धन नगर्ने निर्णयलाई स्वभाविक भनेको छ । 'हामीले विगतमा पनि एक्लै चुनाव लडेका हौं, अब पनि गठबन्धन गर्दैनौं भन्नेमा प्रष्ट छौं' पोलिटब्यूरो सदस्य विशाल भट्टराईले भने । भट्टराईका अनुसार पोलिटब्यूरो बैठकबाट महासचिव शंकर पोखरेलले प्रस्तुत गरेको वार्षिक कार्ययोजना पारित भएको छ । यो प्रस्ताव केन्द्रीय समितिबाट पारित भएपछि एमालेले कार्यान्वयनमा लैजानेछ ।


**यूएईमा रोजगार** | कम्पनी: PARAGON EMPLOYMENT SERVICES L.L.C | शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०८१/०५/१९ | चलानी नं.: ६०२२४७५४ | L.T. No.: 310092

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 200 | 0 | स. काममा दक्ष | 800 | २९,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ भदौ २७ गते (12 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No.: 1596/079/080
**LEO INTERNATIONAL HR CONSULTANCY PVT.LTD.**
(साविक :Code Recruitment Services Pvt. Ltd.)
Pipalbot Marg, Old Baneshwor Height, Kathmandu, Phone No: 01-5912843, 5912844,
9801126842, 9815900470, 9802346214, 9802346215, 9802346216, 9802346218, E-mail : coderecruitmentnp@gmail.com



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना**
प्रकाशित मिति २०८१/०५/२०

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वितीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वितीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको सम्पति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण | क्र.सं. | ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण |
|---|---|---|---|
| १. | **ऋणी : कुमारी तामाङ (लघु घर कर्जा)- शाखा कार्यालय चौतारा**<br>ठेगाना : चौतारा साँगाचोकगढी न.पा. १४, चौतारा<br>(ना.प्र.नं. २४३०५३/४६०, मिति २०५३/१०/१७ मा जि.प्र.का. सन्धुपाल्चोकबाट जारी भएको)<br>पति : मनोज लामा तामाङ, ससुरा : जित बहादुर तामाङ<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**मनोज लामा तामाङ** (ना.प्र.नं. २४७४३/१०९१४४, मिति २०५८/१०/०४ मा जि.प्र.का. सिन्धुपाल्चोकबाट जारी भएको)<br>बाबु : जित बहादुर तामाङ, बाजे : भक्त बहादुर तामाङ | २. | **ऋणी : टिका पोल्ट्री फर्म (लघु आवधिक कर्जा)- शाखा कार्यालय भिमान**, प्रा.फ.नं.घ.उ.वि. : २१०३/०७१/०७२<br>ठेगाना : दुधौली न.पा. ०९, सिन्धुली<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. टिकालाल कुमर** (ना.प्र.नं. २०३०४६/७८८, मिति २०६३/११/२० मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको)<br>बाबु : मन्सी कुमर दनुवार, बाजे : हौवा कुमर<br>**२. शान्ती कुमर** (ना.प्र.नं. २०३०४६/१०३७, मिति २०६३/११/२३ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको)<br>पति : टिकालाल कुमर, ससुरा : मन्सी कुमर दनुवार |
| ३. | **ऋणी : कालीदेवी पोल्ट्री फर्म (लघु आवधिक कर्जा)- शाखा कार्यालय चौतारा**, प्रा.फ.नं. : १४१/०७५/०७६<br>ठेगाना : चौतारा साँगाचोकगढी न.पा. १४, सिन्धुपाल्चोक<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. रिसाल बहादुर तामाङ्ग** (ना.प्र.नं. ८३६०/९२३०६, मिति २०५३/०९/१३ मा जि.प्र.का. सिन्धुपाल्चोकबाट जारी भएको)<br>बाबु : जित बहादुर तामाङ्ग, बाजे : भक्त बहादुर तामाङ्ग<br>**२. धन कुमारी तामाङ्नी** (ना.प्र.नं. ९२/६१०४८, मिति २०५०/०१/०६ मा जि.प्र.का. सिन्धुपाल्चोकबाट जारी भएको)<br>पति : रिसाल बहादुर तामाङ्ग, ससुरा : जित बहादुर तामाङ्ग<br>**३. सुवास तामाङ्ग** (ना.प्र.नं. २४३०३२/६०, मिति २०७०/०२/२४ मा जि.प्र.का. सन्धुपाल्चोकबाट जारी भएको)<br>बाबु : रिसाल बहादुर तामाङ, बाजे : जित बहादुर तामाङ्ग<br>**४. गौरभ तामाङ** (ना.प्र.नं. २४-०१-७२-०६३५२, मिति २०७२/०९/०८ मा जि.प्र.का. सन्धुपाल्चोकबाट जारी भएको)<br>बाबु : रिसाल बहादुर तामाङ, बाजे : जित बहादुर तामाङ्ग | ४. | **ऋणी : गंगा बहादुर श्रेष्ठ (लघु आवधिक/घर कर्जा)- शाखा कार्यालय चौतारा**, ठेगाना : चौतारा साँगाचोकगढी न.पा. १४, सिन्धुपाल्चोक, (ना.प्र.नं. ५४६४/२२१३, मिति २०३८/०९/२० मा जि.प्र.का. सिन्धुपाल्चोकबाट जारी भएको), बाबु : धन बहादुर श्रेष्ठ, बाजे : बुद्धिमान श्रेष्ठ<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. मन माया श्रेष्ठ** (ना.प्र.नं. ३१/६३९२१, मिति २०५०/११/०९ मा जि.प्र.का. सिन्धुपाल्चोकबाट जारी भएको)<br>पति : गंगा बहादुर श्रेष्ठ, ससुरा : धन बहादुर श्रेष्ठ<br>**२. रिवानी श्रेष्ठ** (ना.प्र.नं. २४-०-७०-०३५६२, मिति २०७०/०७/२६ मा जि.प्र.का. सिन्धुपाल्चोकबाट जारी भएको)<br>बाबु : गंगा बहादुर श्रेष्ठ, बाजे : धन बहादुर श्रेष्ठ<br>**३. बुद्ध कुमार श्रेष्ठ** (ना.प्र.नं. १३७३०४, मिति २०६१/०४/३१ मा जि.प्र.का. सिन्धुपाल्चोकबाट जारी भएको)<br>बाबु : गंगा बहादुर श्रेष्ठ, बाजे : धन बहादुर श्रेष्ठ |
| ५. | **ऋणी : सूर्य बहादुर के.सी (व्यक्तिगत कर्जा)- शाखा कार्यालय पोखरा**<br>ठेगाना : पोखरा म.न.पा. ०५, कास्की<br>(ना.प्र.नं. १७०९, मिति २०५०/०९/२५ मा जि.प्र.का. बाग्लुङबाट जारी भएको)<br>बाबु : कमल बहादुर के.सी., बाजे : डिल बहादुर के.सी.<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. संगिता के.सी. बानिया** (ना.प्र.नं. ३३३७४, मिति २०५२/०३/३२ मा जि.प्र.का. बाग्लुङबाट जारी भएको)<br>पति : सूर्य बहादुर के.सी, ससुरा : कमल बहादुर के.सी.<br>**२. सृष्टि के.सी.** (ना.प्र.नं. ४६-०१-७६-०३७९६, मिति २०७६/०५/१० मा जि.प्र.का. कास्कीबाट जारी भएको)<br>बाबु : सूर्य बहादुर के.सी, बाजे : कमल बहादुर के.सी. | ६. | **ऋणीहरु : क) न्यू क्वालिटी कंक्रीट ब्लक उद्योग (साना तथा मझौला उद्यम व्यवसाय कर्जा)- शाखा कार्यालय दुलेगौडा**, प्रा.फ.नं.घ.तथा सा.उ.वि.स. : २३२१/०६६/०६७, ठेगाना : दुलेगौडा गा.वि.स. ०३, तनहुँ<br>**ख) सम्झना बुटिक एण्ड ट्रेनिङ्ग सेन्टर (साना तथा मझौला उद्यम व्यवसाय कर्जा)- शाखा कार्यालय दुलेगौडा**<br>प्रा.फ.नं.घ.उ.वि. : ६८६९/०७५, ठेगाना : शुक्लागण्डकी ०४, तनहुँ<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. सम्झना राजभण्डारी माल** (ना.प्र.नं. ८२१२४, मिति २०६२/०३/२७ मा जि.प्र.का. तनहुँबाट जारी भएको)<br>पति : कृष्ण बहादुर माल, ससुरा : बल बहादुर कुमाल<br>**२. बल बहादुर कुमाल** (ना.प्र.नं. ८७५(६), मिति २०४५/०१/१३ मा जि.प्र.का. तनँहुबाट जारी भएको)<br>बाबु : गोरे कुमाल, बाजे : सोम बहादुर कुमाल<br>**३. कृष्ण बहादुर माल** (ना.प्र.नं. ६४१३६, मिति २०६०/०२/२१ मा जि.प्र.का. तनहुँबाट जारी भएको)<br>बाबु : बल बहादुर कुमाल, बाजे : गोरे कुमाल |

# कर्णालीमा दरबन्दी नै नभएको ठाउँमा विशेषज्ञ डाक्टरको सरुवा

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १९ भदौ

कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले भदौ १३ गते मन्त्रीस्तरको निर्णयबाट मन्त्रालय र मातहतका कार्यालयका कर्मचारीको मनपरी सरुवा गरेको पाइएको छ । मन्त्रालयले गरेको सुरुवामा कर्मचारीहरु नै असन्तुष्ट देखिएका छन् । उनीहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा उजुरीसमेत दिएका छन् ।

मन्त्रालयले विशेषज्ञ डाक्टरलाई अस्पतालमा नभइ अन्यत्र सरुवा गरेर मनपरी गरेको छ । मन्त्रालयले सुर्खेतको मेहेलकुना अस्पतालका प्रमुख वरिष्ठ कन्सल्टेन्ट जनरल सर्जन डाक्टर सोजन सापकोटालाई मानव संशाधन विकास केन्द्रमा सरुवा गरेर थन्काइएपछि प्रदेशभर सामाजिक सञ्जालमा विरोध भएको छ । कर्णाली प्रदेशमा समायोजन रोजेर आएका डाक्टर सापकोटा स्वास्थ्य सेवाअन्तर्गत जनरल सर्जरी अधिकृतस्तर दसौं तहका डाक्टर हुन् ।

प्रदेश अस्पताल सुर्खेतमा दरबन्दी रहेका सापकोटालाई चार वर्षअघि मेहेलकुना अस्पतालमा पठाइएको थियो । कर्णालीकै दक्ष डाक्टरलाई आफ्नो काम गर्न नसक्ने ठाउँमा सरुवा गरेर मन्त्रालयले राजनीति गरेको आरोप समेत लागेको छ ।




राजनीतिक आडमा डाक्टर सापकोटालाई भूमिकाविहीन बनाउने उद्देश्यले मानव संशाधन विकास केन्द्रमा सरुवा गरिएको डाक्टरको गुनासो छ । मेहेलकुना अस्पताल राम्रो सुधार गरेका र गर्ने तयारीमा रहेका उनलाई प्रदेश अस्पतालमा नपठाएर अन्यत्र पठाउनुले मन्त्रालयमाथि प्रश्न समेत खडा भएको छ ।

शिक्षक र स्वास्थ्यकर्मीलाई तालिमका लागि जनस्वास्थ्यतर्फको दरबन्दीको व्यवस्था गरिएको ठाउँमा प्रतिशोधपूर्ण डाक्टर सापकोटालाई सरुवा गरिएपछि कर्णाली प्रदेशभर विरोध भइरहेको छ । आफ्नो विज्ञताअनुसारको जिम्मेवारी आफूलाई प्रदेश सरकारले दिनको लागि अनुरोध गरेको डाक्टर सोजन सापकोटाले बताए । उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन् 'मेरो सरुवा मानव संशाधन विकास केन्द्रमा गरिएको रहेछ ।'

मानव संशाधन विकास केन्द्र, सुर्खेतमा वरिष्ठ कन्सल्ट्यान्ट जेनेरल सर्जनको दरबन्दी नै छैन र मैले गर्नुपर्ने उपयुक्त काम पनि छैन । 'मेरो विज्ञताअनुसार मेरो काम हुने ठाउँ भनेको प्रदेश अस्पताल सुर्खेत र महेलकुना अस्पताल हो' उनले भने । उनले मेहलकुना अस्पतालबाट आफु प्रदेश अस्पताल सरुवा भएर गएपनि प्रदेश अस्पतालको विषेशज्ञ सेवा मेहलकुनाबाट दिने योजना बनाएको बताए ।

डा.सापकोटाले आफ्नो सीपको उपयोग नहुने ठाउँमा सरुवा गर्नाले कर्णालीमा भएको एउटा विशेषज्ञको सीप खेर जान लागेको अवस्था देखिएको दाबी गरे । उनले आफ्नो सरुवा बदर हुनु नै ठीक देखेको हुँदा सरकारलाई आफ्नो सरुवा बदर गर्न आग्रह गरेका छन् । उसै त कर्णाली प्रदेशमा विशेषज्ञ डाक्टरहरुको अभाव छ । दरबन्दी अनुसार विशेषज्ञता हासिल गरेका डाक्टरहरु नहुँदा गुणस्तरीय सेवा प्रवाहमा समस्या हुने गरेको छ ।

दक्ष जनशक्ति अभावसँग लडिरहेको कर्णालीको स्वास्थ्य प्रणाली सुधार गर्नुपर्नेमा प्रदेश सरकारले गलत निर्णय लिएको धेरैको आरोप छ । गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुर्‍याइ स्वस्थ र सक्षम नागरिक तयार गर्ने जिम्मेवारी पाएको कर्णालीको सामाजिक विकास मन्त्रालयले डाक्टर सरुवामा विभेद गरेको कर्मचारीको भनाइ छ ।

यता, मानव संशाधन केन्द्रका प्रमुख धर्मजीत शाहीले सापकोटालाई सरुवा गरिएको सुनेको तर आधिकारिक पत्र भने प्राप्त भइनसकेको उल्लेख गर्दै विशेषज्ञ डाक्टरबाट कार्यसम्पादन हुने कुनै पनि दरवन्दी नरहेको बताए ।

सापकोटाको सरुवा भएपछि प्रदेश सरकार विवादमा परेको छ । सामाजिक विकास मन्त्रालयका सचिव दीर्घबहादुर पोखरेल डाक्टर सापकोटालाई मानव संशाधन केन्द्रमा सरुवा गरिएको विषयमा उनको व्यक्तिगत व्यवहार जोडिएको बताए ।

अस्पतालबाट सरुवा गरिएपछि डाक्टरलाई डाक्टरकै भुमिका दिने भनेर मानव संशाधनमा ल्याइएको सचिव पोखरेलले बताए । कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्तिमाथि ठोस निर्णय लिनुपूर्व राज्यका निकायले छानविन गरी दोषी करार गरेको हुनपर्छ । तर, अस्पताल सञ्चालन लगायतका विषयमा समन्वय नगरी एकलौटी चलेको आरोप खेपेका सापकोटामाथि प्रदेश सरकारले यस्ता कुनै पनि वैधानिक प्रक्रिया नै नअपनाइ गरिएको सरुवामा शंका गर्ने ठाउँ भने प्रशस्त देखिएको जानकारहरु बताउँछन् ।

यता, आफूलाई कार्यक्षेत्रभन्दा बाहिर सरुवा गरिएपछि डाक्टर सापकोटाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उजुरी गरेका छन् । मन्त्रालयले क्षेत्राधिकार बिर्सेर गरेको सरुवा विभेदपूर्ण रहेको उल्लेख गर्दै डाक्टर सापकोटाले यथाशिघ्र सरुवा बदर हुनुपर्ने मागसहित उजुरी दर्ता गराएका हुन् । आफ्नो विशेषज्ञता विपरित गरिएको सरुवा आफूलाई मान्य नहुने सापकोटाले उजुरीमा उल्लेख गरेका छन् ।

नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामती कर्णाली प्रदेश समितिका उपाध्यक्ष जमानसिंह परियारले प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २४ को उपदफा (३)को प्रतिबन्धात्मक व्यवस्थामा बाहेक कुनै कर्मचारीले एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा हुनका लागि दुई वर्षको समयावधि पूरा गरेको हुनुपर्ने र त्यसभन्दा अगाडि सरुवा गर्न नपाइने व्यवस्थालाई मिचेर सरुवा गराइएको बताए ।

# टोखा-१० को आधारभूत स्वास्थ्य केन्द्र रेडक्रस भवनबाट सञ्चालन

**काठमाडौं/मस-** टोखा नगरपालिका वडा नं. १० को आधारभूत स्वास्थ्य केन्द्र रेडक्रस भवनबाट सञ्चालनमा आएको छ । बुधबार आयोजित एक कार्यक्रमका बीच नगर प्रमुख प्रकाश अधिकारीले रेडक्रस भवनमा रिबन काटेर आधारभूत स्वास्थ्य केन्द्रको सेवा शुभारम्भ गरेका हुन् ।

उनले तत्कालका लागि रेडक्रस भवनबाट आधारभूत स्वास्थ्य केन्द्रको



सेवा सञ्चालनमा सहजीकरण गरिएको बताउँदै आगामी दिनमा अझै फराकिलो ठाउँमा जान सकिने बताए ।

उक्त रेडक्रम भवन विगतमा स्थानीयहरुले गणेश मन्दिर राख्ने देउता घरका लागि बनाइए पनि पछि रेडक्रसलाई डाक्टरसहितको स्वास्थ्य सेवा प्रदान गर्नका लागि दिइएको स्थानीय समाजसेवी राकेससिंह महर्जनले बताए । महर्जनका अनुसार स्थानीय तह आइसकेपछि स्वास्थ्य सेवालाई सहजीकरण र विस्तारमा सहज होस् भनेर अहिले वडा नं. १० को आधारभूत स्वास्थ्य केन्द्रलाई हस्तान्तरण गरिएको हो ।

## UAE मा रोजगारको अवसर
कम्पनी: WESTERN BAINOONA GROUP (WBG
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८१/०२/२१ चलानी नं.: ६०२२०४८९ LT. NO.: 305735 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Road Maint. Labour | 190 | 0 | स. काममा दक्ष | 800 | २९,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २७ गते (12 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ८०६/०६४/०६६

### शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.
टाउन प्लानीङ, गगंबु, काठमाडौं, नेपाल, Phone: 01-4987991 | 4987992 | 4954106
Mobile: 9801033972 | 980103373 | 9851164152 | 9801090365 | 9801033970
Jhapa, Birtamode branch: 023-535387 | 023-530415/917 | 023-531060
Mobile: 9801033977 | 9801033976 | 9801033974 | 9801023813 | Email:-siwakoti806@gmail.com

## साउदीमा रोजगारको अवसर | कम्पनी : ALMUZAIN GULF SAUDI CONTRACTING COMPANY शहर : JUBAIL

पूर्व स्वीकृत मितिः २०८०/०२/२५ चलानी नं.: ६०२०२८२३ LT. No.: 287439 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pipe Compositor | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५३,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Scaffolding Erector | 30 | 0 | | 1600 | ५७,१५२ | | | | | | | |
| 3. | Unique Professions labor | 10 | 0 | | 1500 | ५३,५८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ २७ गते (12 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

### इन्टरनेशनल ट्रेड लिङ्क नेपाल प्रा. लि.
श्रम इजाजत नं. ७०६/०६४/०६५
का.म.न.पा-०४, धुम्रबाराही काठमाडौं, नेपाल, फोनः ४९७०६६९
Email.: info@itlnepal.com, Web.: www.itlnepal.com

## साउदीमा रोजगारको अवसर | कम्पनी: FOZEYAH ABDULRAHMAN M ALHENAKI शहर: Jeddah

पूर्व स्वीकृत मितिः २०८१/०५/१९ चलानी नं.: ६०२२४७९० LT. No.: 310250

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Out Door) | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: HADAB AL QUEMMA POLUTRY EST शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०५/१९ चलानी नं.: ६०२२४७९१ LT. No.: 310142

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laborer & Unloading | 9 | 0 | स. काममा दक्ष | 1000 | ३५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ २७ गते (12 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

### Guideline Recruitment Service Pvt. Ltd.
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497, 9823485185 , 9804972521
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

## साउदी र युएईमा रोजगार अवसर | कम्पनी: DENIS ARABIA CO. LTD. शहर: AL KHOBAR

पूर्व स्वीकृत मितिः २०८१/०५/१८ चलानी नं.: ६०२२४७१४ L.T. No.: 310108

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 60 | 0 | स. काममा दक्ष | 1000 | ३५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: HRE CONSTRUCTION L.L.C शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०५/१९ चलानी नं.: ६०२२४७८७ L.T. No.: 310112

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 100 | 0 | स. काममा दक्ष | 800 | २९,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ २७ गते (12 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | साउदीको रु. १०,००० युएईको निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

### रोलेक्स रिक्रुटमेन्ट एजेन्सी प्रा. लि.
श्रम इजाजत नं. ५२१/०६१/०६२
पो.ब.नं. २१५७९,महाराजगंज, काठमाडौं । फोनः ४७२१११४, फ्याक्सः ४७२११२८
Email:- rolex.nepal@gmail.com

## युएईमा रोजगार | कम्पनी : CAPITAL CATERING AND SERVICES- SOLE PROPRIETORSHIP LLC शहर: UAE

पूर्व स्वीकृत मितिः २०८१/०१/२४ चलानी नं.: ६०२१९०६५ L.T. No.: 304256 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Catering Supervisor | 5 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९१,२५० | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Chief Steward | 5 | 3 | | 1500 | ५४,७५० | | | | | | | |
| 3. | Assistant Cleaning Supervisor | 5 | 2 | | 2500 | ९१,२५० | | | | | | | |
| 4. | Assistant Cook/commi Iii | 75 | 0 | | 1200 | ४३,८०० | | | | | | | |
| 5. | Assistant Storekeeper | 5 | 0 | | 2500 | ९१,२५० | | | | | | | |
| 6. | Baker | 25 | 0 | | 1800 | ६५,७०० | | | | | | | |
| 7. | Bartender | 20 | 0 | | 2000 | ७३,००० | | | | | | | |
| 8. | Butcher | 25 | 0 | | 2000 | ७३,००० | | | | | | | |
| 9. | Cashier | 10 | 5 | | 1500 | ५४,७५० | | | | | | | |
| 10. | Catering Assistant | 106 | 0 | | 1092 | ३९,८५८ | | | | | | | |
| 11. | Catering Supervisor | 5 | 5 | | 2500 | ९१,२५० | | | | | | | |
| 12. | Chef | 20 | 0 | | 4000 | १४६,००० | | | | | | | |
| 13. | Chief Steward | 10 | 0 | | 2500 | ९१,२५० | | | | | | | |
| 14. | Cleaner | 50 | 20 | | 930 | ३३,९४५ | | | | | | | |
| 15. | Cleaning Supervisor | 5 | 0 | | 2500 | ९१,२५० | | | | | | | |
| 16. | Commi Cook | 50 | 0 | | 1800 | ६५,७०० | | | | | | | |
| 17. | Cook | 50 | 0 | | 1400 | ५१,१०० | | | | | | | |
| 18. | Heavy Driver | 25 | 0 | | 2800 | १०२,२०० | | | | | | | |
| 19. | Lifeguard | 20 | 0 | | 2500 | ९१,२५० | | | | | | | |
| 20. | Light Driver | 20 | 0 | | 2000 | ७३,००० | | | | | | | |
| 21. | Logistic Assistants | 25 | 0 | | 1092 | ३९,८५८ | | | | | | | |
| 22. | Office Boy/girl | 5 | 5 | | 1100 | ४०,१५० | | | | | | | |
| 23. | Pastry Cook | 20 | 0 | | 2000 | ७३,००० | | | | | | | |
| 24. | Pest Controller | 5 | 0 | | 1400 | ५१,१०० | | | | | | | |
| 25. | Salad Maker | 10 | 0 | | 1800 | ६५,७०० | | | | | | | |
| 26. | Sandwich Maker | 10 | 0 | | 1800 | ६५,७०० | | | | | | | |
| 27. | Steward | 96 | 20 | | 930 | ३३,९४५ | | | | | | | |
| 28. | Store Assistant | 25 | 0 | | 1092 | ३९,८५८ | | | | | | | |
| 29. | Storekeeper | 5 | 0 | | 2500 | ९१,२५० | | | | | | | |
| 30. | Team Leader | 20 | 0 | | 2100 | ७६,६५० | | | | | | | |
| 31. | Technician | 10 | 0 | | 2163 | ७८,९५० | | | | | | | |
| 32. | Waiter/waitress | 75 | 46 | | 1200 | ४३,८०० | | | | | | | |

Waiter/Waitress को लागि अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०८१ भदौ २९ र ३० गते (14 & 15 Sept. 2024) मा हुनेछ ।
अन्य पदको लागि प्रि-अन्तर्वार्ता मेनपावर कार्यालयमा धमाधम भइरहेको छ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

### इलेक्ट्रा रिक्रुटमेन्ट सर्भिसेज प्रा. लि.
श्रम इजाजत पत्र नं. ८२९/०६६/०६७.
कुसुन्ती, ललितपुर, फोन नं.: ०१ ५४४६४२६ । फ्याक्सः ५००१७९८
मो. : ९८४१६६७३३९ । ९८५११६७३३९ । ९८०१२००६७८ । ९८०१२००६७६, ९८०१२००६७७

# विद्युतीय सवारीको प्रयोग बढाउन छलफल

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
बुटवल, १९ भदौ

जलवायु परिवर्तन, पेट्रोलियम पदार्थको सीमितता र बढ्दो वायु प्रदुषणका कारण विद्युतीय सवारी साधनको प्रयोग व्यापक रुपमा बढिरहेको छ । ठूला साना शहरहरुलाई वायु प्रदुषण मुक्त बनाउन वातावरणमैत्री यातायात सवारी साधन सञ्चालन गर्ने विषयमा अहिले बुटवल उपमहानगरपालिकाको पहलमा एशियाली विकास बैंक एडीबी र स्थानीय बुटवलका व्यवसायीहरुका बीचमा सवारी सञ्चालन गर्ने विषयमा छलफल शुरु भएको छ ।

बुटवल उपमहानगरपालिकाको अगुवाइमा भएको छलफलमा विद्युतीय सवारी साधनलाई महानगरपालिकाभित्र सञ्चालनका लागि उच्च प्राथमिकता दिँदै भविष्यमा विद्युतीय सवारी साधन सञ्चालन गर्ने सहमति भएको छ । बुटवल क्षेत्रको वातावरणीय प्रदुषण कम गर्न तथा स्वदेशमा उत्पादित विद्युत खपत बढाउनका लागि विद्युतीय सवारी साधनको प्रयोगलाई प्राथमिकता दिनुपर्ने बहस देशभर चलिरहेको बेला बुटवलमा यसको पहल शुरु गरेपछि स्थानीयबासी खुसी भएका छन् ।



विद्युतीय सवारी साधनको प्रयोगलाई प्राथमिकता दिने गरी बुटवल उपमहानगरपालिका, एडीबी र व्यवसायीहरुकाबीचमा साझेदारी गर्ने गरी पहिलो चरणको छलफल सकिएको बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेले जानकारी दिए ।

प्रमुख पाण्डेले विद्युतीय सवारी सञ्चालन गर्ने विषयमा गाडिका मोडलहरु, कस्ता सञ्चालन गर्ने व्यवसायीलाई स्थानीय सरकारले दिन सकिने सहुलियत र चार्जिङ तथा मर्मत स्टेशन राख्ने ठाउँहरुका बारेमा छलफल भएको बताए ।

पाण्डेका अनुसार देशमै सबैभन्दा धेरै सवारी साधन भएको बुटवल शहरबाट विद्युतीय सवारी साधनको शुरुवात गर्ने गरी एडीबीले केही लगानी गर्ने, बुटवल उपमहानगरपालिकाले प्रोत्साहन गर्ने र व्यवसायीहरुले धेरै लगानी गरेर विद्युतीय सवारी सञ्चालन गर्ने खालको मोडलमा जान सकिने गरी छलफल शुरु भएकोले यसलाई निष्कर्षमा पुर्‍याउने तयारी छ ।

बुटवलबाट छुट्ने सवारीहरुलाई पर्यटकीय स्थलहरुमा पुर्‍याउने र नियमित सवारी सञ्चालनलाई थप व्यवस्थित गर्ने गरी कुराकानी भएको बुटबल उपमहानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत मित्रमणी खनालले बताए ।

छलफलमा सहभागी एडीबीका नेपाल आवासीय प्रतिनिधि लिडर अरुण रामामूर्तिले धेरै सवारीको चाप भएको बुटवलबाट विद्युतीय सवारी साधन सञ्चालन गर्ने गरी बुटवल उपमहानगरपालिका र स्थानीय व्यवसायी हरुसँगको छलफल सकारात्मक भएको बताए । उनले एडीबीले निश्चित लगानी गरेर यसमा प्रोत्साहन गर्न खोजिरहेको जानकारी दिए ।

विद्युतीय सवारीहरुको उपयोग विश्वव्यापी रुपमा बढ्दै गएको भन्दै उनले वातावरणमैत्री सवारी भएकाले पनि यसको उपयोगमा चासो बढिरहेको बताए ।

पश्चिम नेपाल बस व्यवसायी प्रालिका प्रबन्ध सञ्चालक रामचन्द्र भुसालले पूराना गाडी विस्थापित गरेर नयाँ गाडी ल्याउँदा विद्युतीय सवारी ल्याउने र यसमा एडीबी र बुटवल उपमहानगरपालिकाको समेत साथ रहने कुरा सकारात्मक रहेको बताए । छलफलमा बुटवल उपमहानगरपालिकाका उपप्रमुख सावित्रादेवी अर्याल, प्रमुख प्रशासकीय अधिकृत मित्रमणि खनाल, एडीबीका सिनियर प्रोजेक्ट अफिसर हेमन्त तिवारी, एडीबीका प्रतिनिधिहरु ग्लोरिया गेरिल्ला टेकनोमो, ओली नोरोजोनो, गुरुदत्त अधिकारी, रोम भट्टराई लगायतको उपस्थिति रहेको बुटवल उपमहानगरपालिकाका प्रेस सल्लाहकार सीपी खनालले बताए ।

# रास्कोटमा स्वास्थ्य संस्थाहरुको वार्षिक समीक्षा

**कमल कुमाल/मध्यान्ह**
कालीकोट, १९ भदौ

स्वास्थ्य कार्यक्रमको वार्षिक प्रगती समीक्षा गोष्ठी सम्पन्न भएको छ । रास्कोट नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुको वार्षिक प्रगती समीक्षा गोष्ठी बुधबार सम्पन्न भएको हो । नगरपालिकाका ९ वटै वडामा रहेका स्वास्थ्य संस्थाहरुले गरेका कार्यक्रम तथा सेवा प्रवाहको बारेमा समीक्षा गरिएको थियो ।

उक्त समीक्षा कार्यक्रममा ९ वटै वडामा रहेका स्वास्थ्य केन्द्र र इकाईका प्रमुखहरुले आफ्नो स्वास्थ्य संस्थाले आर्थिक वर्ष २०८०/०८१ मा गरेका काम कारबाहीबारे जानकारी दिएका थिए ।

वार्षिक प्रगती समीक्षा गोष्ठी कार्यक्रम बोल्दै स्वस्थ्य शाखा प्रमुख जनकराज न्यौपालेले पहिलेको वर्ष भन्दा यो वर्ष धेरै




सुधार भएपनि अझैं सुधार गर्नुपर्ने विषयमा आएको सुझावलाई ग्रहण गर्दै आगामी दिनमा थप प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष्य रहेको न्यौपालेको भनाइ छ ।

त्यस्तै प्रगती समीक्षा कार्यक्रममा बोल्दै नगरपालिका प्रमुख धर्मराज शाही पोषणले स्वस्थ्य, शिक्षालाई पहिलो प्राथमिकतामा राखेसँगै पछिल्लो समयमा स्वास्थ्य शिक्षाले सकारात्मक सन्देश दिएको समेत बताए । स्वास्थ्य,शिक्षा क्षेत्रको विकास हुनुनै समग्र नगरपालिको विकास हुनु रहेको उनले बताए ।

वर्ष भरिमा स्वास्थ्य क्षेत्रमा गरिएको कार्यहरूको प्रगति विवरण प्रस्तुत गरिएको थियो भने पालिका र सम्बन्धित निकायले लिइएको लक्ष्य र प्रगतिका बारेमा तथ्यांकगत छलफल गरिएको थियो ।

# स्रोत नखुलेको ४ लाखसहित पक्राउ

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १९ भदौ

रौतहट सदरमुकाम गौर नगरपालिका वडा नं १ मा स्रोत नखुलेको ४ लाख रुपैयाँसहित एक जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा नेपाल-भारत सीमाना नजिक भारतबाट नेपालतर्फ आउँदै गरेका एक जनालाई स्रोत नखुलेको नगदसहित पक्राउ गरेको हो । पक्राउ पर्नेमा अन्दाजी





१८ वर्षीय सत्यम भन्ने अनिकेत राज रहेका छन् । पक्राउ परेका उनको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# एमाले नेता महरद्वारा पहिरो पीडिलाई सहयोग



**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, १९ भदौ

नेकपा एमालेका केन्द्रीय सदस्य तथा युवा नेता ऐन महरले बझाङको छविसपाथिभेरा गाउँपालिका-१ परिङ्गालमा गएको पहिरोको अवलोकन गरेका छन् । भदौ १२ गते राति गएको पहिरो पीडित करन गिरिको परिवारलाई भेटेर उनले आर्थिक सहयोग समेत गरेका छन् ।

पहिरोले छबिसपाथिभेरा गाउँपालिका-१ परिङ्गाल मालुझाडका गिरी सुतेकै अवस्थामा सेती नदीमा खसेका थिए । महरसँग कुरा गर्दै गिरिले पहिरोले टहरासँगै खाद्यान्न, लत्ताकपडा, नगद पैसा र बालबालिकाका स्कुलका प्रमाणपत्र बगाएको बताए । नेता महरले ५ हजार रूपैयाँ आर्थिक सहयोग गर्दै थप राहतको लागि सम्बन्धित निकायमा पहल गर्ने बताए । महरले भने,'ढिलो गरेर भेटघाट गर्न आयो भनेर नसोच्नुहोला् । काम विशेषले जिल्ला बाहिर भएर हो । दुखद घटना भयो, यसमा मेरो ध्यानाकर्षण भएको छ । सम्बन्धित निकायमा राहतको लागि मेरो तर्फबाट हुने पहल गर्नेछु ।'

मध्यान्ह
www.madhyanhadaily.com
२० भदौ २०८१, बिहीबार
5 September 2024, Thursday

## सम्पादकीय

# अर्थपूर्ण प्रस्ताव

मुलुकको सवैभन्दा पुरानो लोकतान्त्रिक दल नेपाली कांग्रेसलाई युवा महामन्त्रीद्वयको एजेण्डाले तानिरहेको छ । गत फागुनमा सम्पन्न महासमिति बैठकमा महामन्त्री गगन थापाले प्रस्तुत गरेको एजेण्डाले त राष्ट्रिय राजनीतिक कोर्स नै बदलिएको थियो । आगामी चुनावमा कसैसँग गठबन्धन नगर्ने महामन्त्री थापाको प्रस्ताव महासमिति बैठकमा पेश भएपछि नेकपा माओवादी केन्द्रले नेकपा एमालेसँग सत्ता सहकार्य गर्ने निर्णय गरेको थियो । शेरबहादुर देउवासँग आलोपालो प्रधानमन्त्रीको सहमति गरेका पुष्पकमल दाहाल प्रचण्डले निर्णय बदलेपछि कांग्रेस प्रतिपक्षी भूमिकामा धकेलिएको थियो । तर गत १७ असारमा एमालेसँग सत्ता सहकार्य गर्दै कांग्रेसमा फर्किएको छ । सरकारमा फर्किएपछि महामन्त्री थापाको प्रस्ताव पारित भएको छ । अर्थात् आउने चुनावमा कांग्रेसले कोहीसँग गठबन्धन नगर्ने निर्णय पारित गरेको छ ।

तर कांग्रेस र सभापति देउवालाई अर्का महामन्त्री विश्वप्रकाश शर्माको प्रस्तावले हैरान बनाएको छ । महामन्त्री शर्माले एक पटक राष्ट्रपति, दुई पटक प्रधानमन्त्री, तीन पटक मन्त्री र चार पटक सांसदको प्रस्ताव राखेका छन् । शर्माको प्रस्ताव पारित भए अब सभापति देउवाले प्रधानमन्त्री बन्न पाउने छैनन् । महामन्त्री गगन थापा सांसद बन्न पाउने छैनन् भने धेरै नेताहरूलाई मन्त्री र सांसद बन्ने बाटो बन्द हुनेछन् । त्यसैले महामन्त्री शर्माको एक्जिट पोलिसी कांग्रेसभित्र मुख्य एजेण्डा बन्न पुगेको छ । सभापति देउवाले शर्माको प्रस्ताव अस्वीकार गरेका छन् । अरू नेताहरूले पनि छलफलबाटै हटाउन चाहेका छन् । यद्यपि महामन्त्रीले ल्याएको प्रस्ताव सजिलै पञ्छिने छैनन् ।

यदि महामन्त्री शर्माको प्रस्ताव जस्ताको तस्तै पारित भए यो असाध्यै ठूलो परिवर्तन हुनेछ । किनकि नेपालको मात्र नभएर संसारकै संसदीय इतिहासलाई उदाहरण हुनेछन् । नेपालकै राजनीतिमा पनि ठूलै परिवर्तन आउनेछ । किनकि अहिलेको राजनीतिक समस्या भनेकै अस्थिरता हो । राजनीतिक अस्थिरताको कारण नेताहरूको पद मोह हो । एउटै नेता पटकपटक प्रधानमन्त्री भइरहेका छन् भने मन्त्रीहरू हुने जस्तासुकै कदम चाल्ने प्रवृत्ति कायम छ । सभापति देउवा प्रधानमन्त्री बन्दा छैटौंपटक हुनेछन् भने अहिले केपी शर्मा ओली चौथोपटक प्रधानमन्त्री बनेका छन् । प्रचण्डले सरकारको नेतृत्व गर्ने अवसर पाउँदा चौथोपटक नै हुनेछ । यसर्थ महामन्त्री शर्माको प्रस्ताव कांग्रेसका निम्ति मात्र नभएर नेपालको राजनीतिक संस्कृतिकै निम्ति पनि अर्थपूर्ण छ । त्यसैले हुबहु पारित नभए पनि यो प्रस्तावमाथि पर्याप्त छलफल गरी संशोधन सहित पारित गर्न सके पनि धेरै उपलब्धि हुनेछ ।

# शेयर बजारको बुल र जोखिम

*बुल बजारमा सूचनाका माध्यमबाट ठगी गर्नेको र ठगिनेको संख्या दुवै अधिक हुने हुँदा हरेक सूचनालाई प्रयोग गर्नु अगाडि त्यसको तथ्यलाई जाँच गर्न आवश्यक छ ।*

अग्रलेख



● अचुतकुमार ओझात

शेयरको बुल (बढ्दो) बजारको लहर चल्दै गर्दा लगानीकर्ता र कारोबारी मात्रै नभई सिङ्गो राज्य संयन्त्र उत्साहित हुनु स्वाभाविक हो । यसले अर्थतन्त्रलाई चलायमान मात्र बनाउँदैन, राज्य कोषलाई समेत सबल बनाउन मद्दत गर्छ । पुराना र अनुभवी व्यक्ति र संस्था मात्रै नभई नयाँ लगानीकर्ताहरू समेत बजारमा प्रवेश हुने गर्छन् । कारोबार रकम, सूचकांक र लगानीकर्ताहरूको 'पोर्टफोलियो' सबै बढ्दै गएका सूचना र समाचारहरूले मिडियाहरू रङ्गिएका हुन्छन् ।

सामाजिक सञ्जाल, चोक बजार र बस्तीहरू शेयर बहसले तताएको हुन्छ । यसको प्रभाव सामान्य व्यक्तिदेखि बौद्धिक र व्यवसायीसम्म पर्न पुग्छ । यसरी सबै तह तप्कामा सकारात्मक माहौल बन्दै गर्दा लगानीकर्ताले शेयर बजारमा हुने विपत्ति बिर्सिसकेका हुन्छन् । यस्तो परिस्थितिमा नयाँ, कम अनुभवी र अनुभवीले समेत आफ्ना अनुशासन तथा रणनीति बिर्सिएर गर्ने व्यवहारका कारण धेरै भूल हुने गर्छ । त्यसलाई जान्न आवश्यक छ ।

शेयर बजार जब बुल लयमा हुन्छ । लगानीकर्ता होस् वा कारोबारी हरेकले बजार घट्ने कुरा भुलेका हुन्छन् । लामो समयसम्म घटेको बजार नदेख्दा दिमागको स्मरण शक्तिले बजार ओरालो पनि जान्छ भन्ने कुरा बिर्सिसकेको हुन्छ । यस्तो बजारमा हरेक दिन शेयर बजारमा जोडिएका व्यक्ति बजारले अझै नयाँ उचाइ बनाउने विश्वास बोकेर कुरिरहेका हुन्छन् । तर, यथार्थ के हो भने सगरमाथाको चुचुरो धेरैले थुप्रै पटक चुमिसके एकजना व्यक्ति पनि अहिलेसम्म टुप्पोमा बसिराख्न सकेका छैनन् । सबैले ओर्लिन परेको छ । शेयर बजारको बुल पनि सगरमाथा चढे जस्तै हो, एउटा विन्दुमा पुगेपछि झर्नै पर्छ । बुलको राप, ताप, बढेको पोर्टफोलियो, बनेको सकारात्मक भाव र मिडियामा आएका समाचारलगायत माहोलले मानिस बजार अझै बढ्ने र धेरै कमाउने लोभको लतले बेच्नै बिर्सन्छन् । यसैले बजार बढी मात्रै रहँदैन, यो घट्छ भन्ने नभुलौं ।

बुल बजार कैयौँ पटक पुतलीलाई लोभ्याउन बत्ती बाले जस्तै हो । खासगरी नयाँ र अनुभव कम रहेका लगानीकर्ताको हकमा बुल बजारले यसरी आकर्षित गर्छ छिमेकी, साथी, पसले, अफिस र आफन्त हरेकले प्रत्येक दिन यति कमाए भनेको सुनेरै बजारमा जोडिन पुग्छन् । कसैलाई सोधेर शेयर किन्छन्, कसैले भन्दिएकै भरमा नाफा हुन्छ बिक्री गर्छन्, फेरि कसैले भन्छ अझै बढ्छ रे, यति पुग्छ रे, उति पुग्छ रे, पहिला आफूले बेचेको शेयर फेरि माथि गएर आफैंले किन्छन् । यही प्रक्रिया चलिरहँदा अन्तिम पटक खरिद गरिएको शेयर बिक्री गर्न छुट्दा सम्पूर्ण धन डुब्न सक्छ ।

उदाहरणका रूपमा हेरौं कसैले 'क' कम्पनीको शेयर रु. तीन सयमा किनेर रु. चार सयमा बिक्री गर्छ, फेरि कसैले भन्छ 'क' कम्पनीको शेयर रु. आठ सय पुऱ्याउने कुरा छ, फलानो समूह वा खेलाडीले उठाउन थाल्यो किन्दा हुन्छ । आफैंले बेचेको शेयर पुनः रु. पाँच सयमा किन्छ । उक्त कम्पनीको मूल्य रु. सात सय पुग्छ, कसैले भन्छ बजार घट्ला जस्तो छ बेच्दा हुन्छ, त्यसैका आधारमा बेचिन्छ । केही दिन बजार 'करेक्सन' हुन्छ । फेरि बढ्न थाल्छ । उक्त कम्पनीको मूल्य रु. नौ सय पुग्छ । फेरि उसैले भन्छ रु. एक हजार तीन सय पुऱ्याउने कुरा छ, किन्दा हुन्छ । उसैगरी किनिन्छ तर, बजार केही माथि त पुग्छ तर, बिक्री गर्न नपाउँदै घट्न थाल्छ र बजारले बियरिस (घट्दो) लय समात्न थाल्छ । यसपछि त्यस्ता लगानीकर्ताले कि त घाटामा बिक्री गरेर निस्कनुपर्छ कि त अर्कै बुल कुर्नुको विकल्प हुँदैन । यसैले बुल बजारमा तल बेच्ने, माथि किनेर पनि कमाउन सकिन्छ भन्ने भ्रमबाट बच्ने रणनीति हरेकले बनाउन आवश्यक छ ।

बुल बजारमा खरिदकर्ता यति धेरै भोकाएका हुन्छन् । बिक्रेताले जुन दरमा शेयर बिक्री गर्न चाहन्छन्, त्यही दरमा खरिद गरिदिन्छन् । पैसा बोकेर बसेका क्रेता बजार बढेको देखेर आफूले कमाउने अवसर गुमाएकामा पश्चातापको अनुभूति गरिरहेका हुन्छन् । माग यसरी बढ्छ, कैयौँ पटक आपूर्ति शून्य हुन्छ । लगानीकर्ता बजारमा छिर्न ढिलो भएकामा थकथक मानिरहेका हुन्छन् । न खरिदकर्ता, न बिक्रेता दुवै पक्ष बजार रकेट गतिमा अझै अगाडि जाने विश्वास गरेर शेयर जम्मा गर्न चाहन्छन् । यसले गर्दा बजारमा शेयर अभाव हुन पुग्छ र यो सधैं रहिरहने विश्वास यति बलियो भएर जान्छ ।

मानिस शेयर आफ्नो हातबाट फुस्कन नदिन कर्जा लिएर बजारमा उत्रिन्छ । खरिद गर्न नपाइने अत्यासले लगानीकर्ता निराश हुन्छन् र जुनसुकै मूल्यमा छिटो-छिटो शेयर उठाउन थाल्छन् । यो एउटा भ्रम हो । बजार करेक्सन हुन्छ नै, शेयर खरिद गर्ने अवसर बजारले दिन्छ नै तर, बुल बजारले शेयर खरिद गर्न पाइँदैन भन्ने अत्यास देखाएर नयाँलाई मात्र नभई अनुभवी लगानीकर्तालाई समेत भूलमा पारिदिन सक्छ ।



*कैयौँ पटक पुतलीलाई लोभ्याउन बत्ती बाले जस्तै हो बुल बजार । खासगरी नयाँ र अनुभव कम रहेका लगानीकर्ताको हकमा बुल बजारले यसरी आकर्षित गर्छ कि छिमेकी, साथी, पसले, अफिस र आफन्त हरेकले प्रत्येक दिन यति कमाए भनेको सुनेरै बजारमा जोडिन पुग्छन् ।*

बुल बजारमा आम बुझाइ नै 'सबै शेयरको मूल्य बढ्छ', 'जुन कम्पनीको शेयर लिए पनि हुन्छ', 'बुलमा छानिरहनु पर्दैन', 'बरु छिटो किन नत्र महँगोमा परिएला' भन्ने रहेको पाइन्छ । यस्तो बजारमा कैयौँ पटक आधारभूत पक्ष बलियो भएका कम्पनीको भन्दा कमजोर कम्पनीको मूल्य उच्च हुने गर्छ, भएका पनि छन् । चाहे त्यो बजारमा गलत सूचना दिएर होस्, शेयर संकलन गरेर होस् वा हल्ला गराएर होस् मूल्य अस्वाभाविकरूपमा बढाउने र चलखेल गर्ने गरेको पाइन्छ । यसैको लहलहैमा थुप्रै लगानीकर्ता पछि लाग्ने गरेका छन् । तर, सत्य के हो भने कुनै विन्दुसम्म बढे तापनि जब बजारको बेलुनको हावा फुस्कन्छ, तब ती शेयरको मूल्य आफ्नै धरातलमा फर्कन बाध्य हुनेछ । यसरी तलतिर आउँदै गर्दा राम्रा कम्पनीको मूल्य माथि नै बस्ने छ भने खराब कम्पनीको मूल्य भूइँमा आउने निश्चित छ । एउटा स्तरबाट माथि लागेपछि लगानीकर्ताले खोजी-खोजी छानेर राम्रा शेयर मात्र खरिद गर्ने हुँदा सबै कम्पनीका शेयरको मूल्य सँगसँगै बढ्न सम्भव छैन । यसैले बुल होस् वा बियरिस होस् सबै अवस्थामा उत्तम कम्पनी छानेर शेयर किन्ने गर्नुपर्छ ।

बुल बजारमा लगानीकर्ताहरूको मनोविज्ञान धेरै, छिटो र छोटो माध्यमबाट कमाउनु हुन्छ । यसका विविध विकल्पहरू हुन सक्छ तर, खतरा उच्च हुने गर्छ । लगानीकर्ताहरू यति धेरै भोकाएका हुन्छन् तातेको बजारबाट काँचो खानेकुरा पाक्ने मात्र होइन, सडेका र बिग्रेका वस्तुहरू समेत शुद्धीकरण गर्न सकिने आत्मविश्वास बोकेर लगानीलाई केन्द्रीकृत गरिरहेका हुन्छन् । खासगरी कम्पनी छनोटमा आधारभूत पक्ष सबल भएकाभन्दा पनि कम पुँजी भएका कम्पनीको बहुसंख्यक शेयर संकलन गर्ने र आफूले चाहेको मूल्यमा उचाल्ने र खसाल्ने ढंगबाट लगानी गर्ने प्रवृत्ति बजारमा विकास हुँदै गइरहेको छ । यसले कम पुँजी भएका कम्पनीको शेयर बजारमा अभाव सिर्जना गरी त्यही मौकामा मूल्य अत्यधिक वृद्धि गराएर लगानीकर्ताहरूलाई किन पहिला किनेनछु भन्ने बनाउँदै स्मार्ट लगानीकर्ताहरूले नयाँ र कम अनुभवीलाई माथिल्लो विन्दुमा शेयर जिम्मा लगाएर आफू विस्तारै लाभांश क्षमता उच्च रहेका, संस्थागत सुशासन राम्रो भएको र भविष्यमा थप उन्नति गर्न सक्ने कम्पनीमा सर्ने गरेको देखिन्छ ।

यसैले बुल बजारमा उच्च जोखिम बहन गर्न सक्ने र ठुलो पुँजी रहेका कम्पनीको भन्दा पनि कर्नलिङ् (संकलन) गर्न सजिलो हुने कम्पनीका शेयरमा लगानीकर्ता छिटो उच्च लाभ पाउने आशामा उचालिँदा फस्ने सम्भावना सधैं धेरै हुने गर्छ । लगानीकर्ताले सानो पुँजी रहेका, मूल्य अकासिएका तर, क्षमता नभएकाभन्दा पनि बलिया कम्पनी छनोट गर्न सक्नुपर्छ । शेयर बजारमा सधैं तातो आलु अरूलाई भिडाएर आफू उम्कन्छु भन्दा आलु लिने कोही भेटिएन भने आफैँलाई पोल्न सक्छ ।

बियरिस बजारमा पनि सूचना पासोमा फसिने सम्भावना रहन्छ तर, तुलनात्मकरूपमा बुल बजारमा त्योभन्दा बढ्ता छलकपट हुनसक्ने हुन्छ । बुल बजारमा नयाँ व्यक्तिदेखि अनुभव कम भएका र अनुभवी सबैमा लोभ बढ्छ । त्यसैको फाइदा उठाउँदै बजारमा अनेक किसिमका हत्थकण्डा लगाएर शेयरको मूल्य उचाल्ने खेल हुन्छ । यसको मूल उपाय सूचना पासो नै हो । यसका लागि सामाजिक सञ्जाल, सञ्चार माध्यम, कम्पनी, नियामक वा व्यक्तिगत भेटघाट र सम्बन्धहरूको माध्यमबाट हल्ला, भ्रामक सूचना, शेयर संकलन र बिक्री, शेयर मूल्य तोकेर हल्ला गर्ने, विश्लेषण सुनाउने र नीतिगत पासोहरू आदि फ्याँकेर बजारलाई जुरुक्कै बनाउने व्यक्ति, समूह र निकायहरूका जालसाजीमा लगानीकर्ता झुक्किने प्रबल अवस्था हुन्छ । यसैले आफूले पाएको सूचना कति साँचो र सत्य छ, थप अनुसन्धानसहित परीक्षण गरेर मात्रै आफ्नो निर्णय प्रक्रियामा उक्त सूचनालाई प्रयोग गर्ने गर्नुपर्छ । अन्यथा सूचना पासोमा परिएर भुइँको टिप्न खोज्दा पोल्टाकै पोखिन सक्छ ।

बुल बजारमा सूचनाका माध्यमबाट ठगी गर्नेको र ठगिनेको संख्या दुवै अधिक हुने हुँदा हरेक सूचनालाई प्रयोग गर्नु अगाडि त्यसको तथ्यलाई जाँच गर्न आवश्यक छ । किनकि सबै सूचना त्यसरी जारी गरिन्छ, जहाँ सामान्य मान्छेलाई लोभ्याउने र यो नै सत्य हो भन्ने पार्न सकिने ढंगले डिजाइन गरेर बजारमा फ्याँकिएको हुन्छ । यसले गर्दा बुलमा हरेकलाई प्रत्येक सूचना साँचोजस्तो लाग्नु किन स्वाभाविक हो भने त्यसैका कारण आफ्नो पोर्टफोलियो वृद्धि भइरहेको हुन्छ । तसर्थ, सबै सूचना वास्तविक नहुन सक्छन् । यस्तो सूचना खेतीबाट जोगिन र सूचना पासोका कारण कुनै क्षति नहोस् भनेर बुल बजारमा लगानीकर्ता थप जागरूक हुन आवश्यक छ ।

भारतमा एउटा भनाइ छ 'दिल्लीको रेल स्टेसनमा उभिदिए पुग्छ, भीडले रेल आफैँ चढाउँछ, ओर्लने समयमा ढोका छेउमा उभिदिए पुग्छ, हुलले आफैँ झारिदिन्छ ।' बुल बजारको चरित्र पनि यस्तै हो, अरूले कमाएको कहानी सुन्दासुन्दै त्यही सुनेर शेयरका बारेमा 'श' थाहा नभएका व्यक्तिहरू बजार छिर्ने गर्छन्, आफूलाई रोक्नै सक्दैनन् । बजारमा हावा यसरी आउँछ, हरेक व्यक्तिलाई आकर्षित गर्छ, एक व्यक्तिको फ्रिक्वेन्सीले अर्को व्यक्तिलाई तानिदिन्छ ।

हरेकलाई बजारले लोभ जगाउँछ, अरू धनी हुँदै गएको र आफू छुटेकामा कैयौँ पटक रिस पनि उठ्छ । सके उसलाई भेट्टाउने र नसके कम्तीमा कमाउनेको नजिक पुग्ने हतारोमा मान्छे बजारमा पौडिन हम्फाल्छ तर, उससँग पोखरी कति गहिरो र अप्ठेरो हुन सक्छ भनेर पौडी खेलेको अनुभव नै हुँदैन । तैपनि ऊ पनि अरूलाई भेट्टाउन र बजारलाई जित्न हतारिन्छ । यसले सिङ्गो बजार र स्वयम् व्यक्तिको निजी जीवनलाई तहसनहस बनाउन सक्छ र बनाएका थुप्रै समाचार हामीले पढेका छौँ । यसैले अरूले कमाएको देखेर मात्रै बजार छिर्नुभन्दा केही सिकेर, केही जानेर र केही अध्ययन गरेर बजारमा कारोबार र लगानी गर्न जाने गरौँ । पौडी खेल्न सिकेपछि मात्रै पोखरीमा हम्फाल्यौँ भने सुरक्षित हुन सकिन्छ, नत्र सधैँ काकताली सम्भव छैन, सधैँ सबैलाई चिट्ठा पर्दैन ।

***(लेखक, शेयर बजारका जानकार मानिन्छन् ।)***

## सामाजिक सञ्जाल



**- रञ्जित तामाङ**

दलहरूमा जुनियर कार्यकर्ता लोकप्रिय हुन थाल्यो भने माथिल्ला नेताहरूले सेटिङ मिलाएर कसरी सिध्याउँछन् भन्ने देखेकै छौं । एमाले र कांग्रेसले जनताले पत्याउने गरी काठमाडौंमा कार्यकर्ताको नेतृत्व विकास गर्न कहिल्यै चाहेन । त्यसैले एमाले र कांग्रेसका लागि एकै जना बालेन साह पनि भारी पर्दैछ ।



**- मदन खरेल**

कथा लेखिएकाहरूको मात्र व्यथा बुझ्ने हाम्रो समाज र राज्य छ, यी बेरोजगारी र गरिबीले पिल्सिएका तीन करोड नेपालीमध्ये कम्तिमा एक तिहाइ अर्थात् एक करोड नेपालीहरूको समस्या र व्यथालाई फिल्म बनाएर कसले प्रसारण गरिदेला र राज्यले तिनका पीडाको गहिराइमा पुगेर सम्बोधन गरिदेला त ?



**- धर्मेन्द्र जोशी**

पूर्व राजाको वकालत गरेर वा संघीयता नमानेर राजनीति गरिरहेकाहरू जोसुकै हुन् तिनीहरू हाम्रो संविधान र लोकतान्त्रिक व्यवस्थाका परजीवीहरू हुन् । समयसँगै तिनीहरू हराएर जानेछन् । जनताहरूले लोकतन्त्रको महत्व बुझेका छन् । शहीदहरूको बलिदान र सपना बिर्सेका छैनन् । जनताहरू अब मूर्ख छैनन् ।



**- मुकेश काफ्ले**

तीन महिनाअघि विकास भनेको बङ्गलादेश जस्तो हुनुपर्छ, नेता भनेको हसिना जस्तो हुनुपर्छ, नेपालले बङ्गलादेशको जस्तो प्रगति कहिले गर्ने आदि इत्यादि गुणगान र भाषण गरेर देशको राजनीतिलाई गाली गर्नेहरू अहिले फेरि बङ्गलादेशको हालत होला भनेर धम्क्याउँदै छन् । उनीहरू नै राजनीतिक विश्लेषक रे !

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | शुभ कार्य सम्पन्न हुनेछ । भवन निर्माण कार्यमा खर्च हुने योग छ । |
| वृष | : | व्यापारिक कार्यहरूमा राम्रो लाभ हुनेछ । स्वास्थ्य राम्रो रहनेछ । |
| मिथुन | : | विरोधी सक्रिय रहनेछन् । तर, असफल हुनेछन् । |
| कर्कट | : | अर्कामाथि भरोसा नगर्नुहोला । सापट दिँदा ध्यान दिनुहोला । |
| सिंह | : | यात्रा हुने योग छ । अध्यापनमा रुचि बढ्नेछ । |
| कन्या | : | स्वास्थ्य राम्रो रहनेछ । खर्चमाथि नियन्त्रण राख्नुपर्छ । |
| तुला | : | कृषिजन्य कार्यमा लाभ मिल्नेछ । घरेलू कार्यमा अनावश्यक खर्च हुनेछ । |
| वृश्चिक | : | राजनैतिक कार्य सफल हुनेछ । अर्कामाथि विश्वास गर्न मिल्दैन । |
| धनु | : | पुरानो मित्रहरूसित भेटघाटको योग छ । वाहन सावधानी जरुरी छ । |
| मकर | : | राजनैतिक सहयोग प्राप्त हुनेछ । विस्तारै प्रगति हुनेछ योग छ । |
| कुम्भ | : | पारिवारिक कार्य सफल हुनेछ । मनोबल उच्च रहनेछ । |
| मीन | : | रोकावटहरू समाप्त हुनेछन् । भौतिक साधन उपलब्ध भइरहनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# सिंहदरबारसँग बालेनको टकराव

टिप्पणी



● जयप्रकाश गुप्ता

*सिंहदरबारसँग बालेनको पहिलो झगडा, डम्पिङ्ग साइटको सवालमा भएको थियो । जसमा एमाले र कांग्रेसलगायतले प्रचण्ड सरकारलाई सघाएका थिए । यसपछि अतिक्रमणकारी बसोबासको सवाल, सहरी विकासका कुराहरू, सम्पदा संरक्षण आदि अनेकन् सवालहरूमा बालेनको गहिरो मतभिन्नता सबै सिंहदरबारका अधिपतिहरूसँग बढ्दै गएको पाइन्छ ।*

सामाजिक सञ्जालमा छरपस्ट देखिएको प्रधानमन्त्री केपी शर्मा ओली र काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह 'बालेन'बिचको विवाद विकृत परिणाम दिने तर्फ उन्मुख देखिन्छ । जे-जस्तो पृष्ठभूमिमा जे-जसरी घटना घटिरहेको छ, यसले आगामी अवस्थालाई छर्लङ्ग पारेको छ । हुन पनि अहिलेका प्रधानमन्त्री ओली, संघीयतामा प्रादेशिक तथा स्थानीय निकायहरूलाई क्रमशः शक्तिहीन पार्दै अन्ततः अर्ध-संघवादमा रूपान्तरित गरिदिने वर्तमान राज्य व्यवस्थाको मानसिक विरासत बोकेका पात्र हुन् । यस सोचको विद्यमानता नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा हुन् वा माओवादी केन्द्रका पुष्पकमल दाहाल 'प्रचण्ड' वा राजावादी राष्ट्रिय प्रजातन्त्र पार्टी वा नव उदयमान शक्ति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) आदि सबैमा बरोबरी रहेको छ ।

याद छ ? सिंहदरबारसँग बालेनको पहिलो झगडा फोहोर व्यवस्थापनसँग जोडिएको डम्पिङ्ग साइटको सवालमा तत्कालीन प्रधानमन्त्री प्रचण्डसँग भएको थियो । यसमा एमाले, कांग्रेस सबैले प्रचण्ड सरकारलाई सघाएका थिए । यसपछि अतिक्रमणकारी बसोबासको सवाल, सहरी विकासका कुराहरू, सम्पदा संरक्षण आदि अनेकन् सवालहरूमा बालेनको गहिरो मतभिन्नता सबै सिंहदरबारका अधिपतिहरूसँग बढ्दै गयो । नयाँ सडकको पेटी बिस्तारपछि यो विषय छताछुल्ल भयो । यस सवालमा अप्रगतिशिल राज्य व्यवस्थाका सबै निकायहरू- अदालत, प्रशासन, प्रहरी-जङ्गी अड्डा, संसद, साहु-महाजन सबै एकै ठाममा उभिए, सिंहदरबारको पक्षमा ।

यो सवाल रमिते सवाल होइन । तर, यसको निरूपणका लागि बालेनले अपनाएको बाटो, थुतुनो तिखार्ने बाटोले अब यस गम्भीर सवाललाई विचलन तिर धकेलेको छ । सम्झनु होस्, एक पटक बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डे र त्यसअघि लुम्बिनीका मुख्यमन्त्री शंकर पोखरेलले पनि केन्द्रको सरकारले प्रदेशलाई पङ्गु बनाउन चाहेको आरोप लगाएका थिए । मधेस प्रदेशले त संघीय सरकारको विरुद्ध सर्वोच्च अदालतमा मुद्दा नै दायर गरेको छ । यस गम्भीर संवैधानिक मामिलाको टुङ्गो लगाउने संविधान सम्मत बाटो छोडेर धरानका मेयर हर्क साम्पाङ्गले एक बाटो लिई राखेका छन्, बालेनले अर्को, मधेसले भिन्नै ।

बालेनले चाहेको भए यसमा सार्थक 'लिड' लिन सक्थे । तर, उनी सामाजिक सञ्जालको उपयोग तिर लागेका छन् । यो निरर्थक छ भनेर भन्न खोजिएको होइन, यद्यपि यो अभियान पनि सरकारका लागि महँगै हुँदै गएको छ । कहाँ पुग्छ भन्न सक्दिन ।

यस विवादमा भन्न खोजिएको विषय के हो भने यस विवादको गूढतार्थ तिर जानु पर्दछ । त्यो हो संघीयताको विरोधमा रहेको राज्य व्यवस्थाको मानसिकता चिन्ने कुरो । बालेनले जसरी प्रस्तुती दिएका छन्, त्यसले कता लैजान्छ तर विषयको गाम्भीर्यता भने बालेन र पुरानो व्यवस्थाको अवशेष सिंहदरबारबिचको लडाइँ हो । यो बालेनले जिते भने साँच्चिकैको नयाँको सम्भावना बढ्नेछ भने हारे भने थप निराशा चुलिनेछन् ।

# रुसले युक्रेनमा आक्रमण गर्दा ५१ जनाको मृत्यु, घटनाको चौतर्फी निन्दा



**काठमाडौं/एजेन्सी–** रुसले युक्रेनी शहर पोल्ताभामा मंगलबार गरेको क्षेप्यास्त्र आक्रमणमा कम्तिमा ५१ जनाको मृत्यु हुनुका साथै सयौँ घाइते भएको अधिकारीहरुले बताएका छन् । अधिकारीहरुका अनुसार यो आक्रमण दुई देश बीचको साढे दुई वर्षको युद्ध अवधिको सबै भन्दा घातक आक्रमण हो ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले उक्त आक्रमणको निन्दा गरेका छन् । रुसले सैन्य प्रशिक्षण सुविधा तथा नजिकैको अस्पताललाई केन्द्रित गरी प्रहार गरेको किएभले जनाएको छ। युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले निर्दोश युक्रेनीको हत्या गर्ने 'रुसी पक्षलाई जवाफदेही बनाउने वाचा' गरेका छन् भने उद्धारकर्ताहरुले आक्रमणबाट प्रभावित भग्नावशेष हटाउने काम गरिरहेका छन् ।

आक्रमणबाट प्रभावित भवनको भग्नावशेषबाट मानिसहरुको ज्यान बचाउनका लागि यथाशक्य प्रयास गरिरहेको जेलेन्स्कीले बताए । यो गम्भीर घटनाप्रति अमेरिका, जर्मनी र बेलायतलगायतका देशले गम्भीर चासो व्यक्त गरेका छन् ।

यसैबीच अमेरीकी राष्ट्रपति बाइडेनले किएभको रक्षा गर्न आवश्यक हवाई रक्षा प्रणाली र क्षमताहरु प्रदान गरी सैन्य सहायता जारी राख्ने वाचा गरेका छन् । बेलायती विदेश सचिव डेभिड ल्यामीले उक्त आक्रमणलाई घृणित कार्य भनेका छन् भने जर्मन विदेशमन्त्री एनालेना बेरबकले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको क्रूरताको 'कुनै सीमा नभएको' बताएका छन् ।

मंगोलियाको भ्रमणपछि मंगलबार पुटिनले रुसको भ्लाडिभोस्तोकको यात्रा गरेको क्रेमलिनले जनाएको छ । पुटिनको मंगोलिया भ्रमण युक्रेनमा भएको युद्धसँग सम्बन्धित गिरफ्तारीको वारेन्ट जारी भएपछि अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी)का सदस्यसँगको पहिलो भ्रमण थियो ।

यसैबीच युक्रेनका विदेशमन्त्री दिमित्रो कुलेबाले बुधबार पदबाट राजीनामा दिएका छन् । राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले गत साता चाँडै नै मन्त्रिपरिषद् पुनरगठन गर्ने घोषणा गरेपछि उनको राजीनामा आएको हो ।

कुलेबाको राजीनामाको अनुरोधलाई अर्को पूर्ण बैठकमा सांसद्हरुले छलफल गर्ने संसद्का सभामुख रुस्लान स्टेफनचुकले आफ्नो फेसबुक पेजमा बताएका छन् । ल्भिभमा रातभर भएको आक्रमणमा कम्तीमा सात जनाको मृत्यु र ३५ जना घाइते भएका बेला विदेशमन्त्रीको राजीनामा आएको सहरका मेयर एन्ड्री सदोवीले बुधबार बिहान बताए । उनले मृत्यु हुनेमा एक बालक र एक चिकित्साकर्मी रहेको र घाइतेहरुको अवस्था चिन्ताजनक रहेको जानकारी दिए ।


## भूल सुधार

मिति २०८१/०५/१९ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित साउदीमा रोजगारको अवसर शिर्षक, कम्पनी नाम: **Barez Al Janub Company for Operation & Maintenance, L.T. No.: 309983,** चलानी नं.: ६०२२४६७३, **पूर्व स्वीकृत मितिः २०८१/०५/१८ गतेको** विज्ञापनमा कामदारको पद Store Helper/Loader माग संख्या पुरुष २५ हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**Fast Employment Service (P.) Ltd.**
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Gov. Lic No. 1399/074/075
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com


## काठमाडौं जिल्ला, का.म.पा. ७ स्थित सोया मिल्क इण्डष्ट्रिज प्रा.लि.का अख्तियार प्राप्त व्यक्ति संस्थापक एवं प्रबन्ध निर्देशक श्री शम्भुहरि बास्तोलाले बिक्री गरेको उक्त प्रा.लि. सञ्चालन गर्ने तेस्रो पक्ष काभ्रेपलाञ्चोक जिल्ला, मन्डनदेउपुर न.पा. वडा नं.१ स्थायी घर भई हाल का.म.पा. कलंकी बस्ने श्री रामेश्वर ढकालको नाउँमा काठमाडौं महानगरपालिका ७ नं. वडा कार्यालयबाट जारी भएको १५ (पन्ध्र) दिने म्याद सूचना

प्रकाशित मितिः २०८१/०५/२०

उपरोक्त सम्बन्धमा का.जि. काठमाडौं महानगरपालिका वडा नं ७ बस्ने सीमा साहले तपाईको विरुद्ध घर खाली गराई पाउँ भन्ने सम्बन्धमा उजुरी निवेदन यस ७ नं. वडा कार्यालयमा मिति २०८१/०५/०२ गते दर्ता भई म्याद तामेल गर्न प्रक्रिया अघि बढाउँदा हालसम्म म्याद रितपूर्वक तामेल हुन नसकेकोले यो १५ दिने म्याद सूचना प्रकाशित गरिएको छ । अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस वडा कार्यालयमा उपस्थित भई वा कानून बमोजिम लिखित जवाफ पेश गरी निवेदकको माग बमोजिम घर खाली गर्नु नपर्ने कुनै कारण भए पेश गर्नुहुन सूचना प्रकाशित भएको छ । म्याद भित्र लिखित जवाफ पेश नभएमा प्रचलित कानून बमोजिम भई जानेछ ।

**ईति सम्वत् २०८१ साल भाद्र महिना १९ गते रोज ४ शुभम् ।**

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**

## सूचना

प्रकाशित मितिः २०८१/०५/२०

यस विभागबाट वैदेशिक रोजागर व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **Peace International Pvt. Ltd. (ई.प.नं. ११/०४४/०४५) को साविक ललितपुर जिल्ला ल.म.न.पा. वडा नं. १६ मा रहेको कार्यालयको साविकको ठेगाना परिवर्तन गरी काठमाडौं जिल्ला का.म. न.पा. वडा नं. ०८** कायम गर्न माग भई आएकोले उक्त प्रा. लि. को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोहि कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


## साउदीमा रोजगार
कम्पनी: HAMAD MAHDI BIN FALEH AL YAMI CONTRACTING COMPANY
शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०५/१९ चलानी नं.: ६०२२४७३७ LT. No.: 310141

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labors | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २७ गते (11 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**GOLD OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1210/073/074
Basundhara Kathmandu, Tel: 5903225.
Email: goldovs2074@gmail.com, jivanshr5@gmail.com, goverseas12@gmail.com

## साउदीमा रोजगार
कम्पनी : AMBASSADORS CAFE SERVES DRINKS
शहर: JEDDAH
पूर्व स्वीकृत मितिः २०८१/०५/१९ चलानी नं.: ६०२२४७४६ LT. No.: 310114

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 10 | 0 | स. काममा दक्ष | 1300 | ४६,४३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २७ गते (12 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**हेराल्ड ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५१३/०६१/०६२
पो.ब.नं. १६१, नयाँबानेश्वर, काठमाडौं, फोनः ४५७५३३९, ४५६८६९७, ४५७६६०३

## युएईमा रोजगारको अवसर
कम्पनी : KIRTANLAL SCAFFOLDING
शहर :DUBAI
पूर्व स्वीकृत मितिः २०८१/०५/१७ चलानी नं.: ६०२२४७१२ L.T. No.:309965

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 10 | 0 | स. काममा दक्ष | 1200 | ४३,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ भदौ २७ गते (12 September 2024) हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**मदरल्याण्ड ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०
Opposite of Basundhara Chowki, Ph.: 01-496 1111, 4366318, Fax: 436474
Email : cv@motherlandgroupnepal.com ,info@motherlandoverseas.com
Website:www.motherlandoverseas.com

## यूएईमा रोजगार
कम्पनी: UNITED SECURITY GROUP -SOLE PROPRIETORSHIP L L.C शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/१०/२९ चलानी नं.: ६०२१६१८१ L.T. No.: 299896

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard - SIRA | 52 | 50 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard (ASSD) | 200 | 100 | | 2000 | ७३,००० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २७ गते (12 September 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता इटहरी, सुनसरी कार्यालयमा २०८१ भदौ २७ गते (12 September 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता पोखरा, कास्की कार्यालयमा २०८१ भदौ २८ गते (13 September 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता झापा, ब्रितामोड कार्यालयमा २०८१ भदौ २९ गते (14 September 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता काठमाडौं, बसुन्धरा बैंकोटमा २०८१ भदौ ३० गते (15 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

★ Ex Army, Ex Police, APF मा अनुभव भएकाहरुलाई विशेष ग्राह्यता दिइनेछ ।
★ कम्तीमा SLC पास साथै English भाषा राम्रोसँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २१ बर्ष देखि ३८ बर्ष ननाघेको र PSBD को हकमा उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ । तौल ६८ केजी भन्दा माथी हुनुपर्दछ ।
★ Physical Appearance : Smart and No visible Tattoos or Scars.

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**STARIS HR SERVICES PVT. LTD.**
श्रम इजाजत नं. १३२४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762
CONTACT NO.: 9851336470 | 9802320574 | 9802320575

## साउदीमा रोजगार
**1. RAWAEE ALTASHIED FOR INDUSTRY CO. , SAUDI ARABIA**
पुर्व स्विकृति मितिः २०८१/०५/१८ चलानी नं. ६०२२४७५२ LT No. 310081

| सि. नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helpers/General Labour | 4 | काममा दक्ष | 1000 | 31822 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Concrete Mixer Driver | 5 | | 1500 | 53732 | | | | | | | |

**★अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भाद्र २७ देखि ३१ गते (12 to 16 Sep. 024) हुनेछ ।**

**2. YOUSSEF AHMED SALEH AL-SAEED GENERAL CONTRACTING ESTABLISHMENT**
पुर्व स्विकृति मितिः २०८१/०५/१४ चलानी नं. ६०२२४५३४ LT No. 309870

| सि. नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pump Operator/ Driver | 1 | काममा दक्ष | 1900 | 68061 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

**★अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भाद्र २७ देखि ३० गते (12 to 15 Sep. 024) हुनेछ ।**

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने म्यादी जिवन बिमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैले | कामदार आफै | रु.१५०० कामदार आफैले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौमा सम्पर्क गर्नुहोला । लागत खर्चः १०,०००

**आकृति रिक्रुटिङ्ग प्रा. लि.**
सिनामंगल, काठमाडौं , फोन नं.: ०१-४११०८२६, ४११०८११
श्रम इजाजत पत्र नं.: ९१७/०६७/०६८


तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा
बागमती प्रदेश, नेपाल

## बोलपत्र स्वीकृतका लागि आसयको सूचना

**सूचना प्रकाशित मितीः-२०८१/०५/२० गते**

